*प्रमुख व्यवस्थापक*

**विद्यासागर रञ्जित**

फोन: ४२५८ ९५५, ४२२४ ९१२

*व्यवस्थापकहरु*

**चिनीकाजी महर्जन**

फोन: ४२५३ १८२

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७६ ९०८

*सह-व्यवस्थापक*

**ध्रुवरत्न स्थापित**

फोन: ४२५७ ५७२

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

फोन: ४२५९ ४६६

*प्रधान सम्पादक*

**भिक्षु अश्वघोष महास्थविर**

फोन: ४२५९ ११०

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ४२५९ ४६६

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२

काठमाडौं

फोन: ४२५९ ४६६

बुद्ध सम्वत् २५४६

नेपाल सम्वत् ११२३

इस्वी सम्वत् २००३

बिक्रम सम्वत् २०६०

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ७५/- |
| यस अङ्कको | रु. | ६/- |


DHARMAKIRTI

# धर्मकीर्ति

## (बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**APRIL 2003**


| वर्ष- २१ | अङ्क- १ | ल्हुति पुन्ही | वैशाख २०६० |
|---|---|---|---|





★ भिक्षु हो ! शरीर रूपी डुङ्गाबाट मिथ्यादृष्टिरूपी पानीलाई फ्याँक । यो पानी नभएपछि हलुङ्गो हुन्छ, राग द्वेषलाई छिन्न भिन्न पारेर चाँडै निर्वाण प्राप्त गर ।

★★★

★ मैत्री भावना लिएर बुद्धको उपदेशमा श्रद्धावान् भै बस्ने भिक्षुले सबै संस्कारलाई शान्त गर्ने सुखमय शान्तिपद प्राप्त गर्दछ ।

★★★

★ जस्तो फलामबाट निस्केको खियाले फलामलाइनै खान्छ, त्यस्तै केवल सदाचारको उल्लंङ्घन गर्ने व्यक्तिलाई उसको कर्मले उसैलाई दुर्गतिमा पुऱ्याउंछ ।

सम्पादकीय

# मायादेवी मन्दिर निर्माण कार्य सम्पन्न

सिद्धार्थ गौतम (बुद्ध)को जन्मस्थल लुम्बिनी स्थित मायादेवी मन्दिरको पुनः निर्माण कार्य ढीला नै भएपनि सम्पन्न भइसकेको छ । ठूलो धर्मप्रीति अनुभव भएको कुरो हो यो । किनभने यस कार्यले नेपालको इज्जत बढाएको छ । यस मन्दिर निर्माण अवधिभर थुप्रै बाधा अडचन आउनुका साथै निर्माण कार्यमा ढीला सुस्ती छाएको थियो । मायादेवी मन्दिर निर्माण कार्य मात्र होइन लुम्बिनी विकास सम्बन्धि सम्पूर्ण कार्यमा नै ढीला सुस्ती छाएको विषयमा थुप्रै चर्चा परिचर्चा सुन्न परिरहेको थियो । तर विस्तारै दुई दशक भित्रमा लुम्बिनीको विकास कार्य आशातीत सफलता तिर लम्किरहेको देख्न पाइरहेका छौं हामीले ।

अब हाम्रो सामु निर्माण हुन बाँकी रहेका पूर्वाधार कार्यहरु यसरी रहेका छन्—

ढल निकासको निर्माण कार्य, पानीको सुव्यवस्था, निर्माणाधीन अवस्थामा रहेका देश विदेशका मन्दिर र विहारहरु, विश्वशान्ति स्तुप दर्शनार्थ आवश्यक यातायातको व्यवस्था गर्ने कार्य आदि आदि । अरुवेला भन्दा वर्षातकालमा ढल निकासको व्यवस्था हुन नसकेको कारणले जतातत‌ै पानी जमिरहेको देखिन्छ । फलस्वरुप निर्माण कार्य पूरा भइसकेका स्थलसम्म पुग्न नै कठिनाई महशूस हुन्छ ।

जे होस् हाललाई गणतन्त्र चीन सरकारको तर्फबाट र म्यानमार सरकारको तर्फबाट बनाइएको विहारहरु भने सान्है दर्शनीय छ । यसको साथै महाबोधि सोसाइटी मन्दिर तथा नेपालको धर्मकीर्ति विहारको तर्फबाट बनाइएको गौतमी विहार पनि आकर्षक देखिन्छन् । गौतमी विहारको धर्मशाला त यात्रीहरुका लागि धेरै उपयोगी भइरहेको छ । कोरियनहरुको तर्फबाट निर्माण भइरहेको मन्दिरमा निर्मित धर्मशाला त यात्रीहरुको लागि औषधी जस्तै उपयोगी भइरहेको छ । त्यहिं सस्तो दरमा खानाको व्यवस्था पनि मिलाइएको रहेछ ।

माथि उल्लेखित मन्दिरहरु बाहेक बुद्ध धर्मावलम्बीहरुका लागि आस्थाको केन्द्रको रुपमा रहेको मायादेवी मन्दिरमा पूजा आराधना गर्ने स्वदेशी तथा विदेशी श्रद्धालुहरुको चीर प्रतिक्षित अभिलाषा हाल पूरा भइसकेको छ । सान्है, सुरक्षित र राम्रो, पुरानो नै शैलीमा निर्मित यस मन्दिर ठूलो आकारमा बनाउनको लागि दुई तीन वटा नक्सा बनाइसकेको थियो । तर वाद विवाद उठेको कारणले हाल निर्मित मन्दिरको नक्सा अनुसार नै निर्माण कार्य पूरा गरिएको रहेछ । जे भयो राम्रै भयो ।

युनेस्कोको मान्यतानुसार मायादेवी मन्दिर फलाम र स्टीलका टुक्राहरु जोडेर बनाइएको छ भने ढलानको लागि सुर्की र चुनाको प्रयोग गरिएको छ भन्ने सुनिन्छ । मन्दिर उत्खनन्को क्रममा फेला पारिएको सिद्धार्थले सबैभन्दा पहिला पृथ्वीमा पाइला टेक्नु भएको भनिएको मार्कर गर्भगृह सेरोनलाई बुलेटप्रुफ शिशाले ढाकिएको छ । दर्शकवर्गलाई घाम र वर्षाबाट बच्ने गरी सुरक्षित साथ बनाइएको यस मन्दिर माथि स्वयम्भू आकारको चैत्य पनि स्थापना गरिदिएकोले सुनमाथि सुगन्ध थपी सुन्दरता झल्किएको देखिन्छ ।



Downloaded from http://www.dhamma.digital

*( भगवान बुद्धको समयको एक घटना )*

# सविवेक श्रद्धा

– मंगलमित्र, सत्यनारायण गोयन्का

तीनै वेदमा परांगत विद्वान वक्कलि ब्राह्मण बुद्धको आश्रममा पुगेछ । महापुरुषहरूमा हुने बत्तीस लक्षणले परिपूर्ण तथागतको सुन्दर तेजस्वी शरीर देखेर वक्कलि ब्राह्मण सहजै आकर्षित हुनपुगे । भगवान बुद्धको अंग अंगबाट प्रस्फुटित प्रभा-रश्मि देखेर ब्राह्मण तुरुन्त नै प्रभावित हुन पुगे । उनको अन्तरमनबाट निस्किएको अपरिमित मैत्री र करूणाको तरंगको प्रभाव पनि थियो । वक्कलिले निर्णय गऱ्यो कि बुद्धको यस रूपको दर्शन म संधै गरिरहन्छु । अतः उसले घरबार त्यागेर प्रव्रजित भए र भिक्षु संघमा सम्मिलित भए । भगवान बुद्धको सामू रहेर अधिक भन्दा अधिक सुखप्राप्त गर्नु नै उनको लक्ष्य थियो । उनी भक्तिको आवेशमा आएर रसमा लोलुप भएको भमरा झैं बुद्धको रूपमा मख्ख हुन थाले । उसले शीलको वास्ता गरेन, समाधिको लागि अभ्यास पनि गरेन विपश्यना द्वारा प्रज्ञा जागृत गर्ने प्रयास पनि गरेन । जहिले पनि भगवान बुद्धको सामू बसेर उनको प्रभा मण्डल सहितको मुहारलाई एकटकले हेरिरहन्थ्यो । भगवान तथागत यस नयाँ भिक्षुको भावावेश पूर्ण भक्तिले सत्य धर्मबाट वंचित भएको हेरिरहनुभएको थियो । बुद्धले उनलाई केन्द्रित गर्दै भन्नुभयो, "अरे भिक्षु मेरो यो शरीरलाई पागलले झैं के हेरिरहेको ? मेरो रूप, कायमा के ध्यान दिइरहेको ? यो शरीर भित्र पनि त्यत्तीकै फोहर छ, गन्ध छ । यो मेरो शरीर पनि अन्यको जस्तै हो । यदि मलाई हेर्ने हो भने म भित्र रहेको धर्मलाई हेर । जसले धर्मलाई हेर्दछ उसले नै मेरो वास्तविक रूपलाई हेरेको हुन्छ । सही अर्थमा मलाई हेर्नेले ममा रहेको सत्य धर्मलाई देख्दछ बाहिरी शरीरलाई होइन ।"

**यो खो धम्मं पस्सति, सो मं पस्सति ।**
**यो मं पस्सति, सो धम्मं पस्सति ॥**

महाकारूणिकको यस धर्ममय वाणी सुनेर वक्कलि ब्राह्मणको प्रज्ञा चक्षु खोल्यो । उसले बुद्ध त साँच्चैको धर्मको मूर्त रूप हो भन्ने बुझे । अतः उनको दर्शन केवल शरीर दर्शनसम्म मात्र सीमिति रह्यो भने साँच्चै पागलपनमात्र हुन्छ । उनको दर्शनमा सत्य धर्मको दर्शन हुनुपर्दछ, दिट्ठधम्मं निब्बाणं को दर्शन गर्नु पर्दछ । यो सांदृष्टिक निर्वाण धर्म त अन्तरमुखी भएर स्वयं आफू भित्र हेर्नको लागि हो, बाहिर हेर्नको लागि होईन । ब्राह्मणले कुरा बुझ्यो । प्रज्ञाद्वारा आफू भित्रको सत्य धर्म दर्शन नगरीकन बुद्धको चीवर पकडेर उनको पछी लाग्ने व्यक्ति उनी सँगै रहेर पनि कोसौं टाढा रहेको सरह हुन्छ । भगवान भन्दा हजारौं माइल टाढा रहेर कुनै एकान्त स्थानमा अन्तरमुखी भई आफू भित्रको सत्य-धर्मको साक्षात्कार गर्ने ब्यक्ति नै उनको समीपमा रहेको हुन्छ । धर्मको साक्षात्कार नै बुद्धको साक्षात्कार गर्नु हो । धर्मको नजीक रहनु नै बुद्धको नजीक रहनु हो । त्यसो भए बुद्ध के हो त ? सम्यक - सम्बोधिको जिउँदो स्वरूप नै बुद्ध हो ।

वक्कलिको मनमा छाएको भक्ति भावावेशको अन्धकार हट्दै गयो । सत्य-धर्मको आलोक देखिँदै आयो । उसले भगवानसँग विपश्यनाको कर्मस्थान सिकेर एकान्तमा गएर अभ्यास गर्न थाले । पुरानो भक्ति भावावेशले बीच-बीचमा केही बाधा गऱ्यो तर पनि यस साधकले निर्वाणको साक्षात्कार गरी छाड्यो । सबै आश्रव, क्लेश तथा वन्धनहरूलाई मिल्काई नितान्त विमुक्त अवस्था प्राप्त गऱ्यो ।

अतः अन्ध-भक्ति अन्ध-विश्वास र अन्ध-श्रद्धाले व्याप्त साधकले सही अर्थमा उन्नति गर्न सक्दैन ।

भगवान बुद्धले भन्नुभयो– **तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागता** अर्थात् तथागतले त केवल मार्ग प्रसस्त गर्दछ, विधि बुझाइदिन्छ काम त आफैले गर्नुपर्छ । सारा मार्ग त आफैले हिंडेर पार गर्नुपर्छ । यस यथार्थबाट टाढा रहेर बुद्धलाई अथवा अन्य कोही आचार्यलाई तारक मानेर साधना धर्मको अभ्यास नगरी उनी माथि नै निर्भर रहेर आफूलाई असमर्थ र निर्वल ठानेर बस्यो भने त साँच्चै काम नलाग्ने जस्तै हुन्छ ।

धर्मको नाममा यस्तो भावनामयी भक्तिको हीन भावना कदापि कल्याणकारी हुन सक्दैन । आफ्नो कल्याणको लागि आफ्नो आत्मबल जीवित राख्नुपर्दछ । आत्मबल बनाई राख्नु र मुक्ति पथमा अगाडि बढ्नको लागि संधै जागरूक भइरहनु अहमन्यता होईन ।

विमुक्ति-मार्गमा जानको लागि आत्मभावको अहंमन्यताबाट समय पछि पुन: एकपटक जागृत भएको छ । यस मार्गको विशुद्धि बनिरहोस् जसबाट कि सद्धर्म चीरकालसम्म प्रतिष्ठित भईरहोस् । यसको लागि कोही पनि साधक-साधिकाले आफ्नो मार्ग निर्देशक आचार्यको कुनै पनि अलौकिक चमत्कारलाई प्रोत्साहन नदिनु । उनको प्रति इश्वरीय भाव जगाएर अन्ध श्रद्धामा नडुब्नु । तबमात्र गुरु-शिष्यको स्वच्छ, स्वस्थ आदर्श परम्परा स्थापित हुन सक्छ र चिरकालसम्म सबैको कल्याणकारी बनीरहन्छ ।

विपश्यना धर्म वर्तमानमा जिउने धर्म हो । यस समय जस्तो अनुभव भइरहेछ त्यही मात्र हामीलाई कामलाग्ने हुन्छ । अत: कल्पना र कामनाबाट बच्नु । झूठो आशा र आकांक्षाबाट बच्नु । आफ्नो प्रज्ञा स्वयं जगाएर यस क्षणको यथार्थ दर्शन गर्नु आवश्यक छ । यही 'अत्तसम्मा पणिधि' हो, यही धर्मको आलम्बन हो । ज्ञान, विवेक, विद्या, प्रज्ञा र बोधिको आलम्बन हो ।

*(साभार: जागे पावन प्रेरणा, त्रि.वि.वि., १९९४)*

### अनुरोध पत्र

सम्पादकज्यू "धर्मकीर्ति"

मिति २०५९/१०/२९ गते [illegible] सन्ध्या [illegible] परियत्ति परिक्षार्थी [illegible] प्रकाशन भएको समाचारबाट दु:ख लागेको छ । यो भ्रामक समाचार हो । यो कुनै परियत्ति परिक्षार्थी [illegible] गरेको छैन । श्री नेपाल बौद्ध परियत्ति शिक्षाका परिक्षा नियन्त्रक श्रद्धेय भिक्षु बोधिज्ञानबाट ११/२ गते प्रकाशन गरिदिनु भएकोमा र श्री बुद्ध आदर्श मावि लुम्बिनीबाट म सँगै परिक्षा दिनुहुने परिक्षार्थी अनिल अहमद खानबाट २०५९/१०/२१ गतेको यथार्थ घटना विवरण ११ ई मा प्रकाशन गरिदिनु भएको र दीपंकर परियत्ति शिक्षालयका अध्यक्षा श्रद्धेय सुजाताबाट पनि भ्रामक समाचारको साथै सुपरिवेक्षकलाई कुनै नराम्रो व्यवहार पनि नगरेको भनि सन्ध्या टाइम्सलाई पत्र पठाई दिनु भएकोमा कृतज्ञता व्यक्त गर्दछु र यो समाचारबाट परियत्ति शिक्षालाई कुनै क्षति नपुगोस् र परियत्ति शिक्षालाई अझ माथि उत्थान गर्न पुगोस् भन्ने कामना गर्दै परियत्ति विद्यार्थी म अजय शाक्य दीपंकर बाट यस छोटो वाक्य प्रकाशन गरिदिनु हुन अनुरोध गर्दछु ।

अजय शाक्य
दीपंकर परियत्ति शिक्षालय
[illegible]

## यो पनि जानी राखे राम्रो … ….

### श्राद्ध गर्ने पैसाले पुरस्कार स्थापना

मकवानपुर । हालै भैरव प्रतिभा पुरस्कारबाट पुरस्कृत हेटौंडाका साहित्यकार आरसी रिजालले आफ्नी आमा रणकुमारीको श्राद्धमा खर्च हुने रकमले साहित्यिक पुरस्कार स्थापना गर्नुभएको छ ।

अबदेखि आमाको श्राद्ध नगर्ने र 'रणकुमारी रिजाल स्मृति पुरस्कार" प्रदान गरिने गरी १ हजार १ रुपियाँ राशि र प्रमाणपत्र दिइने कुरा साहित्यकार रिजालले नेपाल समाचारपत्रलाई बताउनुभयो ।

मकवानपुर जिल्लाका माध्यमिक विद्यालयका उत्कृष्ट अङ्क ल्याउने एक विद्यार्थीलाई सो पुरस्कार प्रदान गरिने र यस वर्ष बालज्योति मावि पिप्लेकी कक्षा ९ मा अध्ययनरत रश्मी वज्राचार्यलाई प्रदान गरिने भएको छ ।

यसैगरी, साहित्य संगम मकवानपुरले यस वर्षको शेषजङ्ग स्मृति कथा पुरस्कार महेन्द्र मावि छतिवनका सुवास खनाललाई प्रदान गर्ने जनाएको छ ।

*(साभार: नेपाल समाचारपत्र)*



Downloaded from http://www.dhamma.digital

# धम्मपद १५८-१५९

✍ रीना तुलाधर
*"परियत्ति सद्धम्म कोविद"*

**सुसुखं वत जीवाम-येसं नो नत्थि किञ्चनं**
**पीतिभक्खा भविस्साम- देवा आभस्सरा यथा।**

**अर्थ-** हामी त्यागीसँग केही छैन, तैपनि हामी सूखपूर्वक बाँच्छौं। हामी आभास्वर देवता जस्तै प्रीति भोजन गरेर बस्छौं।

**घटना-** उपरोक्त गाथा गौतम बुद्धले मगध देशको पंचशाला नामक ब्राह्मणहरूको गाउँमा पाँचसय कुमारी केटीहरूलाई बोध गर्ने उद्देश्यले भन्नु भएको थियो।

पंचशाला गाउँका पाँचसय कन्या केटीहरूलाई बोध गर्न सक्ने लक्षण देखेर भगवान बुद्ध त्यहाँ पस्नु भयो। त्यहाँ बुद्ध विरोधी कसैको षडयन्त्रमा बुद्धले एक गाँस पनि भिक्षा पाउनु भएन र बुद्ध खालि पात्र लिएर फर्कँदै हुनुहुन्थ्यो। बुद्धले भिक्षा प्राप्त गर्न नसकेकोमा खुशि भएर बुद्धलाई नचाहने कोही आएर जिस्क्याउन आयो– "आज पंचशाला गाउँमा एक गाँस पनि भिक्षा नपाएकोले भोकले डाह भयौ होला।" यत्तिकैमा पाँचसय कन्या केटीहरू नदीमा नुहाई धुलाई, राम्रो लुगा लगाई सजी धजी त्यहिं आईपुगेको थियो। त्यो दिन गाउँमा चाडपर्व थियो। बुद्धले ती नै कन्या केटीहरूलाई लक्ष्य गरी भन्नुभयो– "हामी कुनै खाद्य पदार्थ खान नपाए पनि धर्मको रस पान गर्दै ध्यानको प्रीति भोजन खाएर नै आनन्दसँग सन्तुष्ट हुन्छौं" यसरी आज्ञा भएर बुद्धले उपरोक्त गाथाहरू भन्नुभयो।

यो धर्म सन्देश सुन्न पाएका ती कन्या केटीहरू त्यहिं स्रोतापति मार्गफलमा प्रतिष्ठित भए। ■

**जयं वेरं पसवति- दुक्खं सेति पराजितो**
**उपसन्तो सुखं सेति-हित्वा जय पराजयं**

**अर्थ-** जित्नेलाई वैर उत्पन्न हुन्छ हार्नेलाई दुःख हुन्छ, हार जीत दुबैलाई त्यागी शान्त भएर बस्नेलाई सुखपूर्वक निन्द्रा लाग्छ।

**घटना-** भगवान बुद्ध जेतवन विहारमा बस्नु भएको बेला उपरोक्त कोशल देशका नरेश प्रसेनजीतको कारणमा भन्नु भएको थियो।

काशी देशमा पर्ने एउटा सानो गाउँ हासिल गर्न कोशल नरेश प्रसेनजीतले तीन पटकसम्म मगध नरेश अजातशत्रु संग युद्ध गर्दाखेरि पनि पराजित हुनु परेको थियो। अजात शत्रु कोशल नरेशकै बहिनी वैदेहीका पुत्र थिए। आफ्नै भान्जा सँग तीन पटकसम्म युद्धमा हार्नु पर्दा कोशल नरेशलाई लाज मर्नु नै भएको थियो। "मेरो निम्ति त उनी दूध खाने बच्चा समान हो।। उनीसँग यसरी हारीरहनु भन्दा त लाजले मर्नु जाति" भन्ने सोची कोशल नरेश दिक्दार भएर दिनदिनै न राम्ररी खान्थ्यो, न सुत्थ्यो। महाराजाको यस्तो दिन दशाको बारेमा देशभरि हल्ला चल्यो। यही समाचार भगवान बुद्ध कहाँ सम्म पनि पुग्यो। यही सन्दर्भलाई लिएर बुद्धले भिक्षुहरूलाई र अन्य श्रोतावर्गलाई उद्देश्य गरेर भन्नु भयो– "हे भिक्षुहरू! मानिसहरू जिते पनि वैरभाव, शत्रु बनाउँछन्, हारे पनि दुःखि भएर बस्छन्।" यसरी आज्ञा भएर बुद्धले उपरोक्त गाथा भन्नुभयो। धर्मदेशनाको अन्तमा धेरै मानिसहरू स्रोतापन्न भए। ■

✿ धर्मप्रचार ✿ — **समाचार**

## संघरक्षिता गुरुमाँको देहावसान

फागुण २६ गते। स्थान- ललितपुर।

जय मंगल विहार, चंकी टोल निवासी संघरक्षिता गुरुमां ६३ वर्षको उमेरमा देहावसान हुनुभएको छ। उहाँको पार्थिव शरीरलाई २८ गते शंखमूलमा अन्तिम संस्कार गरिएको थियो।

# शान्तिपूर्ण द्वेषरहित समाज निर्माणमा सम्यक संकल्पको भूमिका

✍ सुरेन्द्रमान बज्राचार्य

मानिस र पशु बीचको भिन्नता भन्नु नै मानिसको विचार गर्ने शक्ति हो। विवेक नहुने हो भने मानिस र पशुमा कुनै फरक रहँदैन। यस अर्थमा मानिस पनि पशु तुल्य नै हुन्छ। तर मानिस विवेकयुक्त भएर पनि विवेकको सही प्रयोग नगरी जानाजानी अविवेकी काम गर्छ भने उ पशु पन्दा पनि नीच ठहरिन्छ। मानिसले आफुसंग भएको विवेकलाई निरन्तर अभ्यासद्वारा परिष्कृत गरी सही दिशामा निर्देशित गरेको खण्डमा उस्को जीवन सुखमय हुनुको साथै उ सबैको प्रिय पनि हुन जान्छ। यस्तै थुप्रै विवेकशील तथा शीलवान व्यक्तिहरूको उपस्थितिले शान्तिपूर्ण द्वेषरहित समाज निर्माण हुन्छ। आदर्श व्यक्ति आदर्श समाज एक आपसमा परिपुरक आवश्यकता हुन्। यही सही विवेकमा प्रयोगको महत्व बुझी भगवान बुद्धले आज भन्दा २५४७ वर्ष पहिले यस्लाई आफुद्वारा प्रतिपादित दु:ख मुक्तिको आर्य अष्टाङ्गिक मार्गको आठ वटा उपदेश मध्ये एउटा अत्यन्तै महत्वपूर्ण एकाइ-सम्यक संकल्पको रूपमा प्रस्तुत गर्नु भएको छ।

(१) संसार दु:खमय छ तर (२) दु:खको कारण छ (३) दु:खलाई निवारण गर्न सकिन्छ र (४) दु:ख मुक्तिको लागि भगवान बुद्धले आर्य अष्टांगिक मार्गको बाटो देखाउनु भएको छ। बुद्धले यो दु:ख मुक्तिको उपाय केवल बौद्धहरूको लागि मात्र भनेर दिएको होइन यो सबै प्राणिको लागि हो - सबैको कल्याणको लागि हो। यो आज पनि उतिकै सान्दर्भिक छ जति बुद्धको समयमा। यस्को आज अझ बढी महत्वपूर्ण भएको कुरा वर्तमान अवस्थामा खस्कँदै गएको सामाजिक स्तरले दर्शाउँछ।

सम्यक संकल्प अन्तर्गत हाम्रो विवेक विचारलाई सही दिशामा निर्देशित गर्न हामीले निम्न कुरामा ध्यान दिनु पर्दछ।

१. **नेक्खम्म संकप्प** : परित्याग संकल्प (निश्चित अठोट)
२. **अव्यापाद** : मैत्री भावनाको विकास
३. **अविहिंसा संकल्प** : कसैलाई हानी नगर्ने, करूणा भावना

**१. नेक्खम्म संकप्प :**

यस अन्तर्गत कर्ताले पछि आफूलाई हानी पुऱ्याउन सक्ने क्रियाकलापमा नलाग्ने प्रण गर्नु पर्दछ। जस्तै कामतृष्णा (इन्द्रिय सुख)मा नभुलिने, मोह, (स्वार्थिपना)बाट मुक्त हुने निश्चित अठोट गर्नु पर्दछ। जहिले पनि भौतिक सुखमा मात्र भुलेर आफ्नो विवेकलाई कैद गर्ने भुल गर्नु हुँदैन। कसै कसैले यो संकल्प अनुसार निश्चित अठोट गरी प्रव्रज्या समेत ग्रहण गर्ने गर्दछन्। तर साधारण मानिसले यस्तो स्व- आह्वान गरे मात्र पनि आफ्नो गन्तब्यमा पुग्न सकिन्छ। "म यस्तै गर्छु" भन्ने जस्ता स्व- आह्वान (आफुले आफैलाई आह्वान गर्ने - प्रण गर्ने) ले काम तृष्णा, आलस्यपना, चंचलता, शंका उपशंका जस्ता जीवनको अवरोध तथा आसक्ति, स्वार्थीपना इत्यादि बाट मुक्त हुन सकिनेछ। यो नै दु:ख को कारण बनेको सांसारिक वस्तुहरूबाट टाढा रहने प्रण हुन जान्छ।

**२. अव्यापाद :** मैत्री भावनाको विकासको कामना

मित्रता, सदाचार, प्रेम, वात्सल्यता, दयालुपना जस्ता असल गुण आफुमा विकसित गरी सबैको प्रिय-पात्र बन्न सकिन्छ। यस्ता गुणले नै अरूको पनि कल्याण गर्न सकिन्छ। शान्तिपूर्ण वातावरण र जीवन संचालन गर्न यस्ता उत्कृष्ट गुण अपरिहार्य हुन्छ। तर यस्ता गुण भन्ने वित्तिकै तुरून्त विकसित हुने होइन। निरन्तर अठोट र अभ्यासले मात्र यस्ता गुण विस्तारै पलाउँछ। सबै चेतनशील मानिसले आफ्नो विवेकको सही प्रयोग गरी यस्तो मैत्रीय भावनाको कामना गरी अभ्यासमा लाग्नु पर्दछ। आजकल मान्छेमा यस्तो गुणको निकै कमि भएकोले जतातते अशान्ति, द्वन्द चर्किएको छ।

**३. अविहिसा संकल्प :** कसैलाई पनि हानी नगर्ने करूणा भावनाको जागृति

'बाँ च र बाँच्न दिउँ' भन्ने उद्देश्यले अभिप्रेरित भई कसैलाई पनि हानी नोक्सानी नपुऱ्याउने करूणा, भावको विकास गर्ने अठोट गर्नु सबै मानिसको प्रयास हुन पर्दछ। यो गुणको अभावमा हिंसाले स्थान पाउँछ।

मानिसहरूको सोचाइमा सम्यक संकल्प नहुँदा उ आत्मपरक (आत्मकेन्द्रित) स्वार्थी हुन पुग्दछन र विभिन्न असामाजिक, अकुशल कार्य गर्ने तर्फ उन्मुख हुन्छन् जुन आफैमा दु:खका अनेकौं कारणहरू हुन जान्छन्। सबैले आफ्नो विवेकलाई माथी उल्लेखित अठोटका साथ सम्यक संकल्पद्वारा प्रयासरत रही जीवन जीउने हो भने



Downloaded from http://www.dhamma.digital

हाल समाजमा फैलिएका अशान्ति, हिंसा द्वन्द इत्यादिले स्थान पाउने छैन । र सवैको जीवन निकै हद सम्म सु:खमय हुनेमा शंका रहँदैन । विवेक युक्त भई कामतृष्णाबाट मुक्त हुने साथै अद्वेष मैत्रीय गुण धारण गर्नेलाई ब्रह्म विहार भावना भनिन्छ । यस्तो ब्रह्म विहार भावनाको अत्यावश्यक ध्यानको लागि त अपरिहार्य छ नै साथै दैनिक जीवनका क्रियाकलापलाई पनि उत्तिकै महत्वपूर्ण छ । मैत्री र करूणा त्यो गुण हो जस्ले चित्तलाई आदर्श जीवन तर्फ उन्मुख गराउँछ । मैत्री तथा करूणा भावनाले नै समाजमा एकता तथा भाइचाराको विकास गर्दछ । यस्तो असल विचार (सोच) सवैले गर्नुपर्दछ र सम्यक संकल्प सवैले गर्न सक्नु पर्छ । यस्मा जाति वर्ण, लिङ्ग, आदिको भेदभावको कुनै स्थान छैन । वास्तवमा सम्यक संकल्प मानिस शीलवान हुने प्रयासको पहिलो खुड्किलो हो । साथै यो भगवान बुद्धले त्याग योग्य घोषित गरेको दुइवटा अतिशोयोक्ति क्रियाहरू (इन्द्रिय सुख र दु:ष्कर चर्या) मध्ये एक इन्द्रिय काम सुखको परित्यागको प्रयास पनि हो । ■

## संसारको स्वभाव

✍ **रामभक्त प्रधान**, बनेपा

***यो कस्तो आश्चर्यको कुरो ?***
***जुन प्राणीले जन्म लिन्छ,***
***त्यसको मरण अवश्य हुन्छ***

***तर मर्नुपर्ने कुरा विर्सने गरेर***
***म र मेरो भन्ने अज्ञानता छरेर***
***अशान्ती व्याप्त छ जतातत्तै झगडाले गरेर ।***

हातमा घाउ नहुनेले विष छोए तापनि विष नलाग्ने झैं पाप नगर्नेलाई पाप छुँदैन ।

सबैले [illegible] हुन्छ । सबैले आफ्नो [illegible] कारण आफ्नो सुख [illegible] भविष्यलाई आफ्नै [illegible] गरेर बिगार्छ ।

आफूलाई प्राप्त हुने लाभलाई तुच्छ नसम्झ, अर्कालाई प्राप्त हुने लाभमा ईर्ष्या नगर । अर्काको लाभमा ईर्ष्या गर्ने भिक्षुले समाधि प्राप्त गर्न सक्दैन । — धम्मपद

## यो पनि जानी राखे राम्रो ... ....

## लोला संस्कृति

नारी दिवस मनाएको एक साता जतिपछि काठमाडौं उपत्यका 'नारीवादी पाक्षिकी' मनाइन्छ । नारी दिवसका दिन उपत्यकाका सडकमा महिलाको ठूलो ठूलो जुलुस किन पनि निस्किएको हो भने एक साता जतिपछि महिलाले सडकमा हिंड्न पाउँदैनन् । वसन्तपुरमा होलिका दहनका लागि चीर गाडेपछि महिलालाई सडकमा उन्मुख भएर हिंड्न अघोषित प्रतिबन्ध लाग्छ । हिंडिहालेको खण्डमा पानीले भरिएको बेलुनको मार सहनुपर्छ । 'बिनाबी', 'बिनाबी' भन्दै झ्यालबाट सडकमा हिँडिरहेका बटुवाको टाउकोमा पानी खनाउने उपत्यकाको मौलिक चलन लोप भए पनि चीर गाडेदेखि होलीसम्मको १५ दिनजतिको अवधिमा यो चलन जीवन्त बन्छ । उहिले त कोपराबाटै सडकमा...मिल्काइन्थ्यो रे । अचेल कोपराको ठाउँ बेलुन (लोला) ले लिएको छ । बेलुनभित्रको पानी जस्तोसुकै हुनसक्छ । अनि पानीजस्तो भए पनि त्यसले महिलाको, खासगरी युवतीको शरीर भिज्नुपर्छ । अर्काको शरीर भिजाइदिएर आनन्द लिने चलन काठमाडौंको सर्वस्वीकृत संस्कृति बनिसकेको छ ।

चीर गाडेपछि उपत्यकामा लोला अभियानको औपचारिक थालनी हुन्छ । लोला अभियानको प्रमुख सिकार महिला नै हुन् । होली नजिकिँदै गएपछि उपत्यकाका छात्रा क्याम्पस बन्द हुन्छन् र अन्य शिक्षालयहरूमा पनि छात्राको उपस्थिति न्यून हुन्छ । एउटी युवतीलाई लोलाले हिंर्काएर निथ्रुक्क भिजाइदिनेले आफूलाई निकै 'बहादुर' ठान्दो हो अनि अगाडि हिंड्दै गरेकी युवती लोलाको सिकार भएको देख्न पाएकोमा आनन्द लिनेहरू पनि काठमाडौंमा मनग्य छन् । त्यसैले कसैले लोला हान्यो र कुनै युवतीलाई लाग्यो भने न त ती युवतीले प्रतिकार गर्छिन् न त तिनको प्रतिकारलाई नै कसैले सघाउँछ । कथम् कुनै युवतीले प्रतिकार गरिहालेमा तिनको आक्रोश लोलाको विस्फोटनभन्दा मनोरञ्जक रूपमा लिएर सबैले तिनै युवतीलाई गिज्याउने काठमाडौंको मौलिक संस्कृति अपूर्व छ । बेलुन सर्वसुलभ भएपछि हुर्किएको यो संस्कृतिलाई महिलाले हिंडडुल गर्न नपाइने पर्व भने कसो होला ? *(साभार- 'राजधानी')*

# पूज्य अश्वघोष भन्ते र अनात्मवाद

✍ डा. गणेश ब. माली

अश्वघोष भन्तेको एउटा लेख "बुद्धको अनात्मवाद एक दृष्टि" (हेर्नुहोस्- बासुदेब देशार सम्पादित - बुद्धको जीवनोपयोगी शिक्षाहरू - एक विवेचना) मा पढेपछि अनात्मवादलाई हेर्ने एउटा नयाँ दृष्टिकोण पाएको जस्तो लाग्यो ।

उक्त लेखमा पूज्य भन्तेले आत्मवादलाई अहंकारीपन (म, मेरो हुँ भन्नेपन) र अनात्मवादलाई निरहंकारीपनको अर्थमा लिनु भएको छ ।

पहिलो आत्मवाद भनेको वेद, उपनिषद् वर्णित आत्मा छ भन्ने वाद र अनात्मवाद भनेको त्यसको विपरित आत्मा छैन भने वादको अर्थमा लिने गरिन्थ्यो । यसबाट आत्मा भनेको के हो भन्ने झमेलामा पर्नु स्वाभाविकै हो । त्यो आत्माको बारेमा यस्तो भनिएको छ–

**"नै नं छिन्दन्ति शस्याणि, नै नं दहति पावको**
**म चै नं क्लेदय न्त्यावो, न शोषयति मारूत"** (गीता)

यस्तोलाई सम्झने बुझ्ने कसरि ? जसको न रुप छ, न रंग छ, न अझ केही छ, न संसारमा अस्तित्व युक्त कुनै संग मिल्छ, जो न पदार्थ हो न शक्ति । संसारमा केवल दुइको नै अस्तित्व छ - कि पदार्थ कि शक्ति । यी दुबै होइन भनेपछि आत्माको अस्तित्व नै भएन, जो छँदै छैन, त्यसलाई आत्मा छैन (न आत्मा) भनी दिनु कति गाऱ्हो हो र ?

बुद्ध धर्ममा अनात्मवादलाई व्यक्त गर्ने अर्को सजिलो तरिका छ– त्यो हो आफू र आफ्नो भन्ने केही पनि छैन । यहाँ सबै आफ्नै तालले परिवर्तन भएर जान्छ, उदय-व्यय भएर जान्छ । एकदिन छोड्नु पर्ने कुनै वस्तु, शरीर वा मनलाई कसरी आफू आफ्नो भन्ने । यहाँ आफ्नो होइन लाई न अत्ता (न आत्म वा अनात्म) ले व्यक्त गरिएको छ । जे छ सबै अनात्म छ । तैपनि एकातिर हामी भन्छौं केही पनि आफ्नो होइन, फेरी अर्कातिर हामी भन्छौं– यो मेरो शरीर, यो मेरो घर, यो मेरो धन, यो मेरो मन, अनि म यस्तो, म उस्तो, भनी अहंकार ('म' कार) गर्छौं । यसो किन भयो ? यो भावना सँग पूज्य भन्तेको अनात्मवादको भनाई मिल्न आउँछ ।

अहंकार अर्थात् 'म', 'मेरो' भनी गर्न गर्नुको पछाडि अहं = म भन्ने भावना छ । आफूले आफूलाई 'म' देख्नुबाटै ममता (मेरो पन) र अहंकार शुरू हुन्छ । अहंकार हुनलाई धेरै धनमाल हुनुपर्छ भन्ने होइन । एउटा कमिलालाई पनि यो 'म', 'यो मेरो घर' इत्यादि अहंकार हुन सक्छ । एउटा भिखारीलाई पनि आज त मैले दश रूपियाँ जम्मा गरें भन्ने अहंकार हुन सक्छ ।

पूज्य अश्वघोष भन्तेले भन्नु भए जस्तै विनम्रताले अहंकारलाई दमन गरी राख्नुपर्छ । तर म विनम्र छु भन्ने भावना भित्र पनि अहंकारले ठाउँ लिन्छ । 'म' र 'ममता' रहेसम्म अहंकारले टाउको उठाउने ठाउँ पाउँछ । अहंकारको जड नै 'म', 'मेरो' पनको भावना हो । यसलाई हटाउन के गर्नुपर्ला ? यो गम्भीर विषय हो । यसलाई नै मेटाउने गरी हामी विनम्र हुन सकौंला ? बुद्धले यसैको निम्ति हामीलाई सम्पूर्ण तृष्णा क्षय गर्ने आठ अंग युक्त शील, समाधि, प्रज्ञा को मार्ग देखाउनु भएको होइन र ? हुँदै नभएको 'म', 'मेरो' लाई छ भनी ठान्नु नै हाम्रो अज्ञान वा अविद्याको मूल होइन र ? शायद यही पूज्य भन्तेले लक्षित गर्नु भएको अनात्मवाद हो, जसलाई प्राप्त गर्नु सबै बुद्ध-धर्म प्रेमीहरूको ध्येय हो । ■

---

**यो पनि जानी राखे राम्रो ... ....**

## जुवाडेको रकम संघसंस्थालाई

बुटवल । बुटवल क्षेत्रमा जुवातास खेल्नेहरूबाट प्रहरीले २ लाख ७१ हजार ६ सय ५ रुपियाँ बरामद गरी उक्त रकम स्थानीय सामाजिक संघ-संस्थालाई प्रदान गरेको छ ।

यसरी बरामद गरिएको रकममध्ये सुस्तमनस्थिति बुटवललाई ५० हजार, जिल्ला बालकल्याण कार्यालयलाई २५ हजार, सडक बालबालिकाको संरक्षण गर्ने बाल-सम्पर्क केन्द्र बुटवललाई ५० हजार परोपकार संस्था बुटवललाई ७६ हजार र आनन्दवन गाविसको शिवालय मन्दिरलाई १२ हजार १ सय २२ रुपियाँ प्रदान गरेको छ ।

त्यसैगरी, नहरपुर माध्यमीक विद्यालयलाई १२ हजार १ सय २३, अनाथालय बुटवललाई २१ हजार र बुटवल नगरमा निर्माण गर्न लागिएको सार्वजनिक खानेपानी धारा र ट्याङ्कीका लागि २५ हजार ३ सय ६० रुपियाँ प्रदान गरिएको प्रहरी नायव उपरीक्षक सञ्जय सिंहले बताउनुभयो ।

*(साभार: नेपाल समाचारपत्र)*



Downloaded from http://www.dhamma.digital

# बुद्ध शासन र त्रिपिटकको महत्व

– सुजनो भिक्खु, बैंकक
(भिक्षु-सुजनकीर्ति)

बुद्ध शासन भनेको शाक्यमुनि गौतमबुद्धले सम्पूर्ण जनताको (मानिसको) हित सुखको लागी दिनुभएको उपदेशलाई नै बुद्ध शासन भनिन्छ । आजभन्दा २५४६ बर्ष अगाडि दिनुभएको धर्मोपदेश नै आजको बुद्ध धर्म हो बुद्धत्व प्राप्त पश्चात् ४५ बर्षसम्म गाउँ नगर शहर विभिन्न ठाउँमा दिनुभएको उपदेश नै बुद्धशासन हो । सम्पूर्ण बुद्धधर्मलाई छोटकरीमा भन्ने हो भने नराम्रो काम छोड राम्रो काम गर र मनलाई शुद्ध पार । यी सम्पूर्ण धर्मोपदेशहरूलाई भिक्षु श्रावकहरूले संक्षि बुझी मुखपाद गरी विभिन्न समयमा राम्ररी अध्ययन संगायना गरी जतन गरी प्रतिपदा गरीराखेको धर्म नै आज हामी सम्म पुग्न आएको छ । र अनागत कालसम्म फैलेर जानेछ ।

भगवान बुद्धका उपदेशहरू सत्य छन् । उहाँले सिकाउनु भएको धर्म प्राकृतिक धर्म हो । उहाँको यस लोकमा उत्पत्ति नभएतापनि यो धर्म रहिरहने छ भनेर स्वयं बुद्धले धम्मनियाम सूत्रमा यसरी भन्नु भएको छ ।

**"उप्पादा वा भिक्खवे तथगतानं अनुप्पादा वा तथागतानं थिता व सा धातु धम्मत्थितता धम्म नियामता...."**

त्यसैले बौद्ध दर्शनहरू सत्य छन् । ति सत्य धर्मलाई भगवान बुद्धले हामीलाई देखाई मात्र दिनु भएको हो । भगवान बुद्ध स्वयंले पनि ६ बर्ष सम्म दुश्कर तपस्या पश्चात् यो स्वभाविक धर्मलाई बुझ्नु भएको हो । यो धर्मलाई कसैको मुखबाट वा आचार्यबाट न त कुनै देवताको नै वरदान हो । उहाँ सम्यक सम्बुद्ध वा स्वयम्भू हुनुहुन्छ । त्यहि धर्मलाई सम्पूर्ण प्राणीको हितकरको लागी प्रचार गर्नु भएको हो ।

भगवान बुद्धको धर्मोपदेशहरूलाई "धर्म विनय" भनि भन्ने गरीन्छ । बुद्धोपदेशहरूलाई त्रिपिटकको रूपमा नामाकरण गर्नु अगाडिसम्म धर्मविनयको नाम बाटै प्रख्यात थियो । जस्तै प्रथम बुद्धसंगायनामा प्रमुख हुनुभएका भिक्षु महाकाश्यप महास्थविरले संगायनाको सुरुमा भन्नुभएको विनयपिटक चुलवर्गमा यसरी प्रस्तुत भएको छ–

**'हन्द मयं आवुसो धम्मञ्च विनयञ्च संगायाम ।"** अर्थात भिक्षु संघ हामी धर्म विनयको संगायना गरौं । त्यसैले बुद्धधर्म भनेको नै धर्म र विनय हो । यही धर्मविनय श्रीलंकामा भएको दोश्रो* संगायनामा तिनभागमा विभाजनगरी विनय, सुत्त र अभिधर्मको रूपमा त्रिपिटक नामाकरण गरिएको हो । यहि नामले आजभोलि बुद्धधर्मको प्रमुख ग्रन्थको रूपमा विश्वमा प्रख्यात भएको छ । यो त्रिपिटकलाई देशअनुसार विभिन्न भाग (Volume) मा विभाजन गरेको हामी पाउँछौं । जस्तै थाईलैण्डमा बुद्धले ४५ बर्षसम्म बुद्धधर्म सिकाउनु भएकोले त्यसैलाई हेतु गरी ४५ भागमा विभाजन गरीएको छ । यस्तो भनेको विनयपिटक ८ भाग, सुत्रपिटक २५ भाग र अभिधर्मपिटकलाई १२ भाग गरी छुट्याइएको छ ।

भगवान बुद्ध परिनिर्वाण हुन अगाडि उहाँको निर्वाण पश्चात् कस्लाई प्रमुखत्व दिने भन्ने भिक्षु आनन्दको प्रश्नको उत्तरमा भगवान बुद्धले यही त्रिपिटकलाई शास्ता वा प्रमुखत्व दिनु भनी भन्नुभएको छ ।

**"यो वो आनन्द मया धम्मो च विनयो च देसितो पञ्ञतो, सो वो ममञ्चयेन सत्था"**

दिघनिकाय स्थित महावर्गमा उद्दिगत यस बुद्ध वचनबाट के शिद्ध गर्दछ भने भगवान बुद्धको परिनिर्वाण पश्चात् बुद्धनुमति अनुसार यहि त्रिपिटकलाई भगवान बुद्धको प्रतिरूप वा बुद्ध धर्मको शास्ताको रूपमा बौद्धहरूले आदर गौरब गर्नु पर्दछ । त्यसैले बुद्धको परिनिर्वाण भएको २५०० वर्ष भन्दा बढि समय बितेर गएपनि जवसम्म उहाँको धर्मलाई जतन गरी अध्ययन अध्यापन गरीन्छ तबसम्म बुद्ध वा शास्ता बुद्धधर्मबाट शुन्य भएर अवश्य नै छैन ।

बुद्धशासनको आयु भनेको नै त्रिपिटक हो । त्यसैले बौद्ध जनहरू त्रिपिटकलाई राम्ररी अध्ययन गरी सबैलाई सत्य धर्म बोध गराउनु र बुद्धोपदेशलाई रक्षा गरी राख्नु नै प्रमुख कार्य हो । ■

## ध्यानकुटी बाल आश्रमलाई सहयोग

बनेपा ध्यानकुटी मेत्ता सेन्टर बाल आश्रमलाई आर्थिक सहयोग दिनुहुने दाताहरू यसरी हुनुहुन्छ–

१. स्व. पूर्ण चन्द्र शाक्यको पुण्य स्मृतिमा जुजुकाजी शाक्यबाट प्राप्त रु. २५५०/-
२. मीना मानन्धरबाट प्राप्त ध्यानकुटी बाल आश्रमका बालिकाहरू र कर्मचारीहरूलाई एक दिनको खाना र खाजा ।

★ दोस्रो संगायनामा नै त्रिपिटक प्रयोग गरी सकेको छ । तर राम्ररी नछुट्टिएको र धर्मविनय शब्द पनि प्रयोग गरीएको छ ।
**"अथ थेरा पुन धम्मञ्च संघञ्च संगायिस्सामाति तिपिटक धरे पत्तपतिसम्भिदा..."** (विनयपिटक अट्ठकथा)

जातक कथा

# मूर्ख छोराले बाबुलाई माऱ्यो

✍ भिक्षु संघरक्षित, संघाराम

पहिला पहिलाको कुरा हो । त्यसबेला बनारस भन्ने देशमा बोधिसत्त्व एक व्यापारीको कुलमा जन्मेका थिए । ठूलो भएपछि उसले पनि व्यापार नै गर्न थाले ।

एकदिनको कुरा थियो । व्यापारीका रूपमा बोधिसत्त्व यताउता घुम्दै थिए । यसरी घुम्ने क्रममा उनी एउटा ठाउँमा आइपुगे, जहाँ एक सिकर्मिले बडो लगनका साथ एउटा रूख काट्दै थियो । त्यो सिकर्मिका साथ उसका एकजना छोरा पनि थियो । छोराचाहिं एकदम मूर्ख थियो ।

सिकर्मिले लगातार रूख काट्दै थियो । त्यस्तैमा एउटा लामखुट्टे उसको टाउकोमा बस्न आउँछ र बेस्सरी रगत चुस्न थाल्छ । त्यो सिकर्मिको टाउकोमा कपाल थिएन । उसको टाउको पित्तलले बेरिएको सरि टल्किरहेको थियो । यसर्थ पनि त्यो लामखुट्टेको टोकाईले उसलाई वाणले घोचेजस्तै दुख्न थाल्यो ।

सिकर्मि रूख काट्नमा व्यस्त थियो । लामखुट्टे बारबार उसको टाउकोमा आउँथ्यो र रगत चुस्दथ्यो । उसले आफू नजिक त्यतिकै बसिराखेको छोरालाई सम्झ्यो । अनि उसले काम गर्दागर्दै नै छोरालाई भन्यो– "हे छोरा ! मेरो टाउकोमा अघिदेखि वाणले घोचेजस्तै एउटा लामखुट्टेले टोकिराखेको छ । यसलाई तिमीले धपाइदेऊ त !"

बाबुको टाउकोमा मज्जाले बसेर रगत चुसिराखेको लामखुट्टे देखेर छोराचाहिंलाई सान्है रिस उठ्यो । आफ्नो बाबुलाई दु:ख दिने त्यो लामखुट्टेलाई त उसले नमारिछोड्दिन भन्ने विचार गऱ्यो । उसले बाबुलाई भन्यो– "हे पिताज्यू ! पर्खनुस् । यसलाई त ठिक नगरी म छोड्ने छैन ।"

एकछिनपछि सिकर्मिले फेरि छोरालाई भन्यो– "हे छोरा ! मेरो टाउकोमा टोकिराखेको लामखुट्टेलाई छिट्टै धपाइदेऊ न ।"

छोराचाहिंले भन्यो– "पर्खनुस् बुबा, पर्खनुस् ! यो लामखुट्टेलाई ठिक नगरी त म छोड्दै छोड्दिनं ।"

लामखुट्टेलाई केही गर्न उसले यताउता हेऱ्यो । नजिकै एकदम धार भएको बन्चरो रहेछ । उसले सोच्यो– "यही बन्चरोले यो दुस्साहसी लामखुट्टेलाई दुई टुक्रा पार्नेछु ।"

उसले बन्चरो टिप्यो । ऊ बिस्तोरै हातले लामखुट्टेलाई बन्चरो हान्नलाई ठिक परेर अघि बढ्यो । लामखुट्टेलाई कुनै हालतमा पनि नछोड्ने उसको संकल्प थियो ।

बाबुचाहिं छिटो लामखुट्टे धपाइदिनको लागि कराउँदै थियो । छोराचाहिंले बन्चरो हातमा लिएर भन्दै थियो– "एकछिन, बुबा, एकछिन ! तपाईं एकछिन नचलि बस्नुहोस् त ! यो लामखुट्टेलाई म ठीक गर्नेछु ।"

सिकर्मिलाई छोराले के गर्न लागेको भन्ने कुरा केही थाहा थिएन । केवल लामखुट्टेलाई चाँडोभन्दा चाँडो धपाएर पठाउनको लागि ऊ केही नचलि बस्यो । उताबाट उसको छोरा नजिकै आयो । अनि आफ्नो बाबुलाई लामखुट्टेको टोकाइबाट मुक्त गराउन त्यही बन्चरोले लामखुट्टेलाई रिसले हान्यो । लामखुट्टे उडेर गयो तर उसको बाबुको टाउको नै दुई फ्लाक हुनपुग्यो । टाउकोबाट रगतको धारा बग्यो । बाबु चाहिं एकछिन निक्कै छट्पटायो । अनि उसको मृत्यु भयो ।

बाबुको मृत्युमा ऊ बेस्सरी रोयो शोक विलाप गऱ्यो । पछि उसका परिवार पनि त्यहाँ आइपुगे र मृतक सिकर्मिको दाहसंस्कार गरे ।

यो दृश्य हेरिरहेको बोधिसत्त्वले विचार गरे– "निबुर्द्धि, मूर्ख साथी भन्दा बुद्धिमान शत्रु नै बेस छ । बुद्धिमान मानिसहरूले दण्डादि द्वारा तर्साए पनि हिंसा भने पक्कै गर्दैन । निबुर्द्धि मूर्ख छोराचाहिंले लामखुट्टेलाई मार्छु भनी आफ्नै बाबुको टाउको नै फुटाएर मारिदियो ।" ***स्रोत: मकस जातक***



Downloaded from http://www.dhamma.digital

*आयोजक–*

सहभागीहरूको संख्या कम भएपनि ठीक समयमा नै कार्यक्रम थाल्ने हाम्रो उद्देश्य नै हो । कार्यक्रमलाई निरन्तरता दिनु पनि हाम्रो अर्को उद्देश्य रहेको छ । ९५ प्रतिशत कार्यक्रम त ठीक समयमा नै शुरु भैरहेका छन् नि हाम्रो । अझ ७५ प्रतिशत कार्यक्रमहरू त नियमित र अटूट रूपमा संचालित छन् । यसमा हामीले गर्व गर्न सक्छौं ।

*सहभागी–*

समयमा नै कार्यक्रम शुरु गर्न सक्नु त राम्रै बानी हो नि । नेपालमा धेरैजसो कार्यक्रमहरू ठीक समयमा संचालक हुन नसकेको कारणले ब्यंग हानी भन्ने चलन नै छ "नेपाली टाईम" भनेर । तर यो नेपाली टाइम नेपालका सबै कार्यक्रमहरूमा लागु भइरहेको छ भन्न चाहिं मिल्दैन । किनभने स्वयम्भू ज्ञानमाला भजन खल:को कार्यक्रम भने धेरैजसो ठीक समयमा नै शुरु हुने गरेको देखिन्छ । उदाहरणको लागि गत चैत्र १ गते श्रीघ: न:घल टोल देखि स्वयम्भू महाचैत्य सम्म बुद्ध पूजा कार्यक्रम विहान ठीक ८ बजे नै शुरु गरियो । श्रद्धालु भक्तजनहरू त बिहान ७ बजे देखि नै जम्मा भइरहेका थिए । त्यसैले होला एकजना व्यक्तिले छिटो नै (८ बज्नु अगाडि नै) कार्यक्रम थालनी गर्ने सुझाव दिएको थियो । तर आयोजकले यस सुझावलाई इन्कार गर्दै भनेको थियो -"हुँदैन, कार्यक्रममा टोकिएकै समय ठीक ८ बजे नै कार्यक्रम शुरू गर्नुपर्छ ।" राम्रो लाग्यो मलाई यो बानी ।

*अर्का एक सहभागी–*

यसरी पंक्तीबद्ध भई बुद्ध पूजा गर्ने नौलो चलन कहाँबाट आएको होला ?

*आयोजक–*

यो त थेरवादी चलन हो नि । हुनत यो चलन श्रीलंकाबाट आएको हो । भिक्षु अमृतानन्द महास्थविरले पहिला शुरू गर्नु भएको थियो यस चलनलाई । यस नयाँ संस्कृतिलाई धेरैजसो व्यक्तिहरूले मनपराएको पनि देखियो ।

हुनत बौद्ध साहित्यमा पूजा २ थरीका छन् भनेर उल्लेख गरिएका छन् ।

१) आमिस पूजा–

पुष्प, धूप र नैवेद्य आदि भौतिक बस्तुहरू अर्पण गरी गरिने पूजा ।

२) प्रतिपत्ति पूजा–

आ-आफ्नो आचरण र बानी ब्यवहार सुधार्दै लाने आध्यात्मिक पूजा ।

*सहभागी–*

यी दुई थरीका पूजाहरू मध्ये बुद्धले कुनचाहिं पूजालाई प्राथमिकता दिनुभएको छ त ?

*आयोजक–*

बुद्धले त प्रतिपत्ति पूजा अर्थात् आचरण शुद्धिलाई प्राथमिकता दिनुभएको छ नि । गौतम बुद्ध परिनिर्वाण हुनु भन्दा अगाडि भिक्षु आनन्दले बुद्ध समक्ष यसरी प्रश्न राख्नु भएको थियो– "भो शास्ता ! तपाईंको मृत्यु पछि तपाईंको शरीरलाई कसरी भक्ति गर्ने ?"

यो कुरो सुनी बुद्धले भन्नुभयो–

"अब्यावटा तुम्हे आनन्द ! ... तथागतस्स शरीर पूजाय ... तुम्हे आनन्द सदत्थे अनुयञ्जथ ... आतापिनो पहितत्ताविहरथ ..."

*अर्थ–*

आनन्द ! तिमीहरूले तथागतको शरीर पूजा गर्ने विषयमा चिन्ता नलिनु । तिमीहरू पूजा कार्यमा मात्र अल्मलिने नगरी राम्रो आचरण कार्यहरू गर्ने तर्फ पनि उद्योगी, आत्मसंयमी, र अप्रमादी रहनु । तथागतको शरीर सत्कार गर्ने कार्य तर्फ त गृहस्थीहरू लाग्नेछन् । मैले तिमीहरूलाई धर्माचरण गर्ने जुन शिक्षा दिएको छु, सोही अनुसार आचरण गरेमा तिमीहरूले मलाई पूजा गरेको ठहरिने छ ।

*सहभागी–*

ए ! यस्तो पो रहेछ । बुद्धको विचार अनुसार आमिस पूजामा मात्र सीमित रहनु शुद्ध धर्मको विधि

रहेनछ । तैपनि धर्मतर्फ मानिसहरूको ध्यान आकर्षण गर्नको लागि त आमिस पूजा विधि पनि आवश्यक देखिन्छ ।

*आयोजक–*

हुनत हो । त्यसैले स्वयम्भूमा आयोजित बुद्ध पूजाको एक समारोहमा भिक्षु आनन्दले हामीले बुद्ध पूजा गर्ने समयमा बुद्ध गुण, धर्मगुण र संघ गुण स्मरण गरी आफ्नो अशुद्ध र अशिक्षित मनलाई शुद्ध र शिक्षित पार्ने विषयमा बोल्नु भएको थियो । सोही कार्यक्रममा धम्मवती गुरुमांले पनि धर्मदेशना गर्नुहुँदै भन्नुभयो– "हामीहरूको आचरण शुद्ध भएमा मात्र हामीले गरेको बुद्धपूजा शुद्ध हुनेछ । बुद्धले देखावटी पूजालाई मान्यता दिनुभएको छैन । त्यसैले हामीले आफ्नो बानी व्यवहार राम्रो पार्ने कार्य तर्फ बढि अग्रसर हुनु परेको छ ।" उक्त कार्यक्रममा थुप्रै श्रद्धावान् व्यक्तिहरू सहभागी भएका थिए ।

*सहभागी–*

जे भएपनि धर्मप्रचारको लागि त यस प्रकारको बुद्ध पूजा कार्यक्रम संचालन गर्न आवश्यक नै रहेछ । बुद्ध पूजा पछि धर्मदेशना कार्यक्रम पनि राखिएको हुन्छ । त्यसैले यस्तो कार्यक्रम त रचनात्मक नै भएको देखिन्छ ।

*अर्को एक सहभागी–*

यो त भयो आमिस पूजाको जानकारी । अब प्रतिपत्ति पूजाको पनि जानकारी पाउँ न ।

*आयोजक–*

राम्रो प्रश्न गर्नुभयो यहाँले । बुद्ध पूजा भक्तिमार्गको प्रारम्भिक तह हो । तर बुद्ध शिक्षानुसार भक्ति मार्ग भन्दा ज्ञानमार्गको महत्त्व बढि छ । ज्ञान मार्ग भनेको नै आ-आफ्ना खराब बानी व्यवहारलाई सुधार्दै लाने र आफ्नो अशुद्ध चित्तलाई शुद्ध पार्दै लाने शिक्षा हो । परस्पर आ–आफ्नो कर्त्तव्य पालन गर्न सकेमा मात्र बानीव्यवहार सुध्रिँदै जानेछ । यसलाई नै प्रतिपत्ति पूजा भनिन्छ । अर्को शब्दमा भन्ने हो भने मेवा खाने आशा राखी सेवा गर्ने बानीलाई प्रतिपत्ति पूजा भनिन्दैन । अर्काले राम्रो काम गरी प्राप्त गरेको राम्रो फल देखेर इर्ष्या नगरी खुशी हुन सक्नु र आफूले पनि त्यसरी नै चित्त शुद्ध पारी बानी व्यवहार सुधार्दै काम गर्न सक्नुलाई ज्ञान मार्ग वा प्रतिपत्ति पूजा भनिन्छ ।

*सहभागी–*

बुद्ध शिक्षा र धर्म बुझ्न त्यति सजिलो चाहिं रहेनछ । तर बुझिसकेपछि भने यस शिक्षालाई त्याग्न नसकिने रहेछ । जे होस् बुद्ध शिक्षाको गहन अध्ययन गर्न अत्यावश्यक छ । आज त धेरै राम्रो विषयमा छलफल गरियो । अबेर पनि भैसकेछ । हवस् त आजको लागि हामी बिदा माग्छौं । ■

## स्वर्गीय उपासक राजभाइ लुमंका:

✍ **बेखारत्न शाक्य**, यल

धर्मया पासां याना क्यन धर्म,
गुबलें लोमनी मखुगु कथं ।
नां यात ल्वयेक पवित्र जुया:
थ:गु जन्म म्हसीका वंम्ह ॥१॥

संगत यायेत लोम्ह मनू आ:
मा: वनेगु हे गन थन आ: ?
बौद्ध ज्या ज्व: जुलकि लुमनीम्हं
वसपोल गन मा: वने आ: ? ॥२॥

समाज सेवा व बुद्ध धर्मय्
त: फा:गु नुगलं दाता जुईम्ह
बोधिसत्व हे धायेत ल्व:म्ह
पवित्र नुग:या व्यक्तित्व उम्हं ॥३॥

न्येन्हयदँया बैशय् मत्यवं हे
त्व: तल संसार, पुन्हीखुन्हु हे
ब्युयाँ वयवं नौ खने दैथें,
मुन अन मनूत आपालं हे ॥४॥

धूँ धुपाँय् च्याका: भसुका: त तं
ल्यू ल्यू वन अन शब यात्राय्
तोता वनेगु हे गुण छगू खनी,
यंके छुं हे मदु थुगु यात्राय् ॥५॥

थ:गु रोगया च्यूता: मतसे
धर्मय् जक न्ह्यलुवा: जुया:
थुगु जन्मया कीर्ति तल वं
गुवलें लोमनी मखुगु कथं ॥६॥



Downloaded from http://www.dhamma.digital

# बर्माया छपुलु दृश्य

✍ आनन्दमान सिं तुलाधर

२०५९ पौष १३ तदनुसार (२८ डिसेम्बर २००२) शनीवार खुन्हु काठमाडौं नं बैंकक जुका: जिपिं रंगूनया लागि प्रस्थान याना।

कन्हे खुन्हु १४ गते सुथंनिसें बर्माया विभिन्न थासे चा:हिलेगु ज्या शुरु जुल। दकले न्हापां "यले फया:" धयागु समुद्रया दथ्वीचंगु अति रमणिय बुद्ध मूर्ति स्थापना यानात:थाय् ऐतिहासिक घटनां जा:गु बुद्ध जीवनीया चित्र थाय् थासय् च्वयात:गु घटनाया किपा: स्वयागु जुल। अनं बूध थाउँ धयागु न्हायकनं जक छाय्पियात:गु विहारे बुद्ध मूर्ति स्वया। अनं "च्याउदो ची फया:" लाभा मुनी फया: दुरु ल्वहँतं दयकात:म्ह सापहे त:धिक:म्ह बुद्ध मूर्ति स्वया। अनं "स्वेदो फया:" धका: च्याग: सुनौलो थां या दथ्वी बुद्ध मूर्ति तया: कलात्मक ढंगं दयका त:गु मूर्ति स्वया। उगु मन्दिर चीनं बुद्धया दन्त धा:तु तया दयकात:गु मन्दिरया नमूना कया: दयका त:गु धा:गु न्यना। अनं "घबाय" धका: खुक:गु संगायना या:गु थासे वना। वयां लिपा स्वेदगों पागोडा ध्यन। स्वेडगों पगोडां लिपा महाविजया धयागु पगोडाय् नेपा:याम्ह जुजु वीरेन्द्र महाराजं उपहार स्वरूप बियात:गु बुद्ध मूर्ति तया: दयकात:गु चैत्य दर्शन याना।

अनं पौष १५ गते च्याइच्यू पालो धयाथाय् वना। थन श्रीलंकां निसें समुद्रं च्वीका ह:म्ह श्रीखण्डया बुद्ध मूर्तित प्यंम्ह मध्ये छम्ह थन स्थापना यानात:गु जुयाच्वन। थ्वयां लिपा ५/६ हजार फीट उचाईले बुद्धया केश धातु तया: दयकात:गु चैत्य स्वया। थ्व थाय्यात च्याइथियू धायगु यानातल। थन बुद्धया केश धातु तया: दयकात:गु तगोगु ल्वहँया चैत्य मेगु छग: चट्टानय् सिथे दिकातल। थुगु चैत्यया महिमा थुकथं न्यने दु कि व चैत्यं चत्तानय् मथ्यू।आकाशय् दिना च्वंगु दु। चैत्य व चत्तानया विचं सुका न्ह्याकेबले गननं मथ्यू वारपार जू हैं। थ्व थाय्यागु वातावरण खनीबले न्ह्याम्हस्यानं मती तै कि स्वर्गद्वार धयागु थ्व ख:ला धका:। थुलि मनमोहक थाय् स्वय्दै धयागु सुनानं कल्पना तकनं या:गु खैमखु। थुजोगु न्ह्याइपुगु थाय् स्वस्वं धम्मवती गुरुमानं कनायंकूगु घटना न्यन्यं मने लुयावल - भी थ्व बर्मा देशय् वयापिं सकल धर्म पासापिं न्हापा यानावयागु कुशल कर्मया फलं थथे गजवगु दृश्यावलोकन याय् खंगु ज्वीमा:। थथे दृश्यावलोकन यायां बर्मा देया छचाख्यरं पहाडया च्वकापतिकं वहे छगू शैलिं दयकात:गु स्तूपं जायाच्वंगु दृश्य स्वस्वं ध्व देशय् बुद्ध धर्म बाहेक मेगु धर्म हे मदुला धयाथें च्वं।

अनं मोलमिन धयाथाय् ध्यन। थन खेमाराम विहारे भी सकसिनं हनाबना याना तयाम्ह पूज्य गुरुमाँ धम्मवतीं बुद्ध धर्मया विषय शिक्षा दिक्षा प्राप्त याना बिज्या:गु थाय् जुयाच्वन। ध्व थाय् तसकं रमणिय शान्त, वातावरण व ध्यान भावना याय्त ल्व:गु थाय् जुयाच्वन।

अनं चेक्खमी धयागु समुद्रया सिथय् ला:गु छगू रमणिय बुद्ध मन्दिरे वना। थन नं श्रीलंकां च्वीकाह:गु बुद्ध मूर्ति स्थापना याना त:गु दु। अनं च्याइमेय्य धयागु थासे वया। थनयागु ऐतिहासिक घटना थुकथं उल्लेख जुयाच्वंगु दु– ध्व थासे न्ह्य्म्ह तक जुजुं राज्य यातं नं महारानी धा:सा छम्ह हे जक जुयाच्वन। महारानी फेरे मजू। वहे महारानीं बुद्ध मूर्ति स्थापना याना त:गु दु। व महारानीं थ:गु हिं आख: च्वया थकूगु दु। व आख: निभाले पानाबिल धाय्व दुर्भिक्ष हटय् ज्वी धयागु जन विश्वास आतकनं दनिगु जुयाचवन। अनं मोलमिनया खेमातिरी विहारे बहनीया नसा नकल। खेमातिरी विहार खेमाराम विहार मोलमिनया हे शाखा ख:।

अनं मोलमिनं भगू (Bago) वनाबले गुरुमाँया दातापिसं गुरुमांपिं प्रमुख ३०/३२ म्ह यात्रीपिन्त जलपान याकूगु जुल। अनं स्वेता ल्याउँ धयाम्ह तसकं त:धिकम्ह आराम कयाच्वंम्ह बुद्ध मूर्ति स्वयागु जुल।

अनं पौष १९ गते खेमाराम विहार रंगूने दानवती त्यागवती गुरुमांया दातापिनि पाखें भोजन याकूगु जुल। उखुन्हुया हे बहनीया बेली नं दातापिसं हे याकूगु जुल।

अनं पौष २० गते बर्मी नेपाल विहारं सुथे ५ बजे भगाइँ (Sagaing Hills) प्रस्थान जुल। अले चान्हे २ बजे तिनि भगाइँया Sidagu University ध्यन। ध्व विश्वविद्यालय बर्मी भन्ते उ ञाणिस्सर सयादो पाखें निर्माण जूगु धयागु सीदु। वसपोल भन्तेया थुगु विद्यालये जलपान याना: जिपिं सुथे चा:ह्यूवना।

अन वसपोल भन्तेनं दयकात:गु आयुदीघ अस्पताल स्वया । अनं कामुदो पैगोडा तुयूगु चैत्य स्वया । अनं भोजन लिपा माण्डले प्रस्थान जुल । माण्डले महामुनी बुद्ध दर्शन याना ।

माण्डले फया:या क्वय् छगू भव्य दरवार दुगु जुयाच्वन । व दरवारया छ्चाख्यरं लंखं घेरे याना: उकीया दुने प:खालं घेरे याका: थाय थासे बन्दुकया नाल दिकेगु प्वा: तया: किल्ला दयकात:गु नं स्वया । उगु बखते बृटिस सरकारं अनया जुजु फिब: यात ज्वना: परिवार सहित बेलायते यंका: थुगु थासे बृटिस सरकारं राज्य या:गु जुयाच्वन ।

अनं जम्बुपति जुजुयात बुद्धं थ:गु ऋद्धि शक्तिं तिसा तिया: अनित्य बोध याकूगु घटना क्यना: यक्को तिसा तियाच्वंम्ह बुद्ध मूर्ति स्वयागु जुल ।

अनं ४५ म्ह बुद्ध मूर्तित फोलाक तयात:गु थासे वया । उकीयात Saging Hills नं धाइगु जुयाच्वन । अन Swan Do Pyou Nya Shin Pagoda वया । थुम्ह बुद्ध मूर्ती थौंतक सुनानं न्हापालाक्क भोजन छाय् मफुनि अर्थात् न्ह्यागु इले भोजन छा:वंसां अन भोजन छानातय् धुंकी धयागु जन विश्वास दु । अनं लिहाँवया ञाणिस्सर भन्तेनं प्रवचन यानाविज्यात । अनहे भोजन याना: जिपिं लिहाँवया: । करीब १२।१ बजेती सर्प दुम्ह बुद्ध दर्शन यानागु जुल । थ्व दृश्य खंबले धर्मकीर्ति बिहारे धम्मवती गुरुमांनं इनाब्यूगु नाग दुम्ह बुद्धया किपा: लुमंस्य वल । वास्तबे धात्थें थ:गु हे मिखां स्वयखन । थुलि दृश्य स्वय् धुंका: जिपिं पौष २३ गते दो गुणवती गुरुमांया बिहार रंगूनय् १० बजेती थ्यन । अन हे भोजन याना ।

रंगून च्वना ज्वछिं गुरुमांया दातापिसं मदिक्क जलपान भोजन पालंपा श्रद्धा तया: याका: सम्मान याना हयादीपिं बर्मायापिं दातापिन्त हार्दिक सुभाय् दु ।

अनं पौष २५ गते बैंकक थाइलैण्डे दकले न्हापां गोल्डन टेम्पल स्वयागु जुल । थ्व थासे वनेत भी स्वयम्भुई थें त्वाथ: गया: वनेमा: । क्वनिसें २०० गू त्वाथ: गया: थहाँ वना: दकले च्वय् तगोगु सुवर्ण चैत्य दर्शन यानागु जुल । थन च्वं स्वयबले छ्चाख्यरं सम्पूर्ण बैंककया दृश्य छर्लङ्ग जू ।

अनं वाट अरुण दना: चंक्रमण यानाच्वंम्ह त: धिक:म्ह बुद्ध मूर्ति स्वयागु जुल ।

अनं पन्नायाम्ह बुद्ध स्व: वना । थ्व थासे दुहाँवनेत म्हतिं २०० भाट पुला: टिकट कया: दुहाँ वनेमा: ।

अनं वाटपो धा:थाय् वना । थन सापहे त:धिक:म्ह सैयाय् आराम कयाच्वंम्ह बुद्ध मूर्ति स्वयागु जुल ।

थ्व बैंकक भ्रमणया सिलसिलाय् प्रदर्शनी स्वयगु अवसर नं चूलात । थाइलैण्डया छगू पार्क्य् चीनं छुं दिनया लागि प्रदर्शन यानाच्वंगु बुद्धया दन्तधातु नं गुरुमां खेमावतीया कुतलं स्वयखन । वसपोलयात नं हार्दिक साधुवाद ।

च्वे उल्लेख यानातयागु खँ जिं स:स:थे जक च्वयागु ख: । गनं त्व:फ्यूगु व मगा: मचा:गु दुसा क्षमा फ्वने । थ्व भ्रमण यानागु अवधी थासं थासे अल्छी मचास्य मा:थाय् मा:कथं दु:ख सिया: गुहाली यानाबिज्या:पिं धम्मवती गुरुमां प्रमुख व्यबस्थापने दु:ख सुख ब्याका: भ्रमण सफल याना दीम्ह मिलनसार पासा विद्यासागर यात नं आपालं साधुवाद बियाच्वना ।

साधु ! साधु !! साधु !!!

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

क्र.सं. ३९०

***दीपक महर्जन***

**कीर्तिपुर, इटागोला-१८**

**रु. १,१००/-**

क्र.सं. ३९१

***नानी वेटी शाक्य***

**खाछ्यौं, कुपण्डोल**

**रु. १,०००/-**

क्र.सं. ३९२

***रामेश्वर मानन्धर***

**छ २-६२२, ठमेल, काठमाडौं**

**रु. १,००५/-**

क्र.सं. ३९३

***विजय अवाले***

**खुमलटार, ललितपुर-१५**

**रु. १,०३५/-**



Downloaded from http://www.dhamma.digital

# भिक्षुणी परम्परा : नेपा:या आवश्यकता

लोकबहादुर शाक्य

सिद्धार्थ बुद्ध जुइधुंका कपिलवस्तु बिज्या:बले शाक्य मय्जुपिं नं भाजुपिं थे हे संघय् दुहां वयेत आय्बुइकल । महाप्रजापति गौतमी थ:हे न्ह्यलुवा जुया बिज्यात । तथागत न्याग्रोधारामय् च्वना बिज्या:बले गौतमी वना: मय्जुपिं नं शास्ताया धर्म-विनय कथं प्रबजित जुया संघय् दुहां वयेत अनुमति फ्वना बिज्या:बले थज्या:गु बिचा: यायेमते धका: आज्ञा दयेका बिज्यात । गौतमी मिखां ख्वबि हायेका: नुग: मछिंका: लिहाँ बिज्या:सां सुम्क च्वनाबिमज्या: । मय्जुपिं मुना: सहलह जूबले थ:पिं हे परिव्राजिका जुया वनेगु खँ क्व:छित ।

महाप्रजापति गौतमी सँ खाना काषाय वस्त्र पुना: मेपिं मय्जुपिं नाप बैशालीया कूटागार भवनय् बिज्यात । (उगु इलय् वया तुती धुलं किनां मनावयाच्वंगु ख: ।) न्याग्रोधारामय् बुद्धयात प्रार्थना या:बले परिव्राजिका जुयत हानं वचं मबिसेंलि दिक्क जुया: लिहां बिज्या:बलय् आनन्द भन्ते नापलात । मय्जुपिंत नं धर्म व विनय कथं तथागतं प्रव्रजित जुइत अनुमति बियाबिज्याइ मखुला धका: प्रश्न न्यनाबिज्यात । अनंलि आनन्द स्थविर तथागतया न्ह्य:ने वना: प्रजापति गौतमी प्रव्रजित जुइमखना: खिन्न जुयाच्वंगु दु, मय्जुपिंत नं प्रव्रजित यायेत आज्ञा जुया बिज्यायेमाली धका: प्रार्थना या:बलय् न्हापा ला ज्यू धयाबिमज्या: । हुनि न्यना बिज्या:बलय् मिजंतय्सं थें मिस्तय्सं नं निर्वाण लाना कायेफु, लिङ्ग भेदया पक्षपाती मखु, गौतमीया इच्छायात माने मयानागु व्यावहारिक कारण दु' धका: तथागतं आज्ञा दय्का बिज्यात । हानं आनन्द स्थविरं मछिंगु खँयात कया: बचे जुइत नियमत अलग ग्वसा: ग्व:सा मजीला धका: प्रार्थना या:बलय् धर्म विनय् प्रव्रजित जुइत महाप्रजापतियाके त:धंगु आकांक्षा दुसा व खँय् सहमति बी, तर गौतमी मय्जुपिनि पाखें विशेष नियमत पालन यायेत भाला कायेमा: धका: तथागतं स्पष्ट यानाबिज्यात । महाप्रजापति गौतमी व च्यागू विशेष नियमत जीवनकाछि पालन यायेत तयार जुल । उगु विशेष नियमत

(१) मिस्त प्रव्रजित जुया: न्ह्याक्व ई वने धुंकूसां नकतिनि जक प्रव्रजित जूपिं भिक्षुपिन्त नं मान मर्यादा यायेमा:
(२) भिक्षु मच्वंगु थासय् भिक्षुणीत थ: यस्सें च्वनेमज्यू
(३) बा:छिइ छक: भिक्षु संघं जिम्मा ब्यूपिं भिक्षुं बीगु उपदेश न्यनेमा:
(४) पवारण (थ:गु दोष) व्यक्त यायेमा:
(५) दोष वा आपत्तिपाखें मुक्त जुइमा:
(६) भिक्षुणी जुइत निदँ ति ऋषिणी जुया: व्रत नियम (अष्टशील) पालन यायेमा:
(७) भन्तेपिन्त अपशब्द वा ब्व: बी मज्यू
(८) भिक्षुणी नं भिक्षुपिन्त स्यनेमज्यू, बरु भिक्षुपाखें स्यना कायेमा:गु जुल ।

बुद्धया इलय् भिक्षुणीया परम्परा न्ह्याकूगु स्पष्ट जुल । बुद्ध निर्वाण जुया बिज्याये धुंका: लिपा तिनि बुद्धया उपदेश लिपिबद्ध या:गु यथार्थ ऐतिहासिक पृष्ठभूमि दु । ग्रन्थकार वा च्वमिपिंसं थ:थ:गु पहलं च्वया: तनायंकूगु मदु धाये फइमखु । थौंयागु बैज्ञानिक युगे भौतिक तथा आध्यात्मिक विकासया इवले लैंगिक विभेद तनावनाच्वंगु सत्य खँ नं फ्रीगु न्ह्य:ने दु । प्राणी मध्ये सर्वश्रेष्ठ धायेका च्वंपिं अप्व: मनूतयसं मिजं व मिसाया क्षमता समान जुइ धइगु सिद्धान्त नाला कायेधुंकल । मिस्तय्सं नं गनं राष्ट्रपति गनं प्रधामन्त्रीया पद सम्हाले यानाच्वंगु जक मखु आध्यात्मिक व धार्मिक क्षेत्रय् नं उच्च पद ग्रहण यानाच्वंगु खनेदु । बुद्ध लिङ्ग भेदया पक्षपाती मखु, मिस्तय्सं नं निर्वाण लाना कायेफु धका: आज्ञा दयेका बिज्या:गु दयेकं लिपा भिक्षुणी परम्परा न्हंका छ्वयेगु चालयात दुग्यंक चिन्तन मनन याना स्वयेबलय् मिस्तय्त शोषण यायेगु संकुचित भावना ब्वलंकल धका: धायेमा:गु अवस्था जुल ।

नेपा:या थौकन्हय्या थेरवाद बुद्ध धर्मया गतिविधि वाला स्वयेबलय् अन्तर्राष्ट्रिय भिक्षुणी संघ स्वना: उकियागु ग्वसालय् बुद्धधर्मया आपालं ज्याभ्व:त न्ह्याकाच्वंगु च्वछायेबह: जू । वहे संघ पाखें लुम्बिनीई त:जिक विहार निर्माण याना: बौद्ध गतिविधि न्ह्याकाच्वंगु नं अतिकं महत्वपूर्ण जुल । छक: भिक्षुणी सुजातां देशना याना बिज्याबलय् लुम्बिनीइ बौद्ध परियत्ती कक्षाय् ब्वनाच्वम्ह मुसमां मिसामचो बौद्ध शिक्षा सयेका: थ:गु गामय् बौद्ध शिक्षा प्रचार या:गु खँ न्यनेदुगु अतिकं हर्षया खँ जक मखु जातपात लिङ्ग भेदभाव मतसें सुचारूरूपं बुद्ध धर्म प्रचारे जुयाच्वंगु भिक्षुणीपिनिगु नं त:धंगु देन दुगुया चिं जुल ।

उभयपातिमोक्ख कथं भिक्षुणीपिनि ३११ विनय नियम दु । उकी च्वय् न्ह्यथनागु च्यागू नियमत विशेष कथं न्ह्यथनात:गु खनेदत । गुलिं नियमय् भिक्षुणीपिनिगु स्तर क्वय् लाकात:गु सभ्यताया चिं मखु धायेमाल ।

बौद्धिक क्षमता तथा बुद्ध धर्मय् दुगु अनुभवयात नं च्वछाये मालाच्वंगु दु । सुयात नं भेदभाव यायेगु बुद्ध धर्मया मनसाय जुइ मखु । उकिं रथया प्यचा: घ:चा: समानपिं भिक्षु भिक्षुणी, उपासक उपासिका सकलें मिलेचले जुया: (१) समानता (२) सर्व प्रकारं जगतहित (३) धर्म व दर्शनयात अभ्र क्वातुक व्यवहारय् छ्यूयले फयेके मालाच्वंगु दु । साभार- सन्ध्या टाइम्स, २०५१ फागुण १४ बुद्धवा:

*(सन्दर्भ सफू- भगवान बुद्ध र उहाँको धर्म*
*रचना- डा. भीमराज रामजी अम्बेडकर*
*अनुवादक- ललितरत्न शाक्य)*

## यो पनि जानी राखे राम्रो ... ....

# रोटरी आमा समकुमारी वृद्धाश्रम निर्माणको तयारी

नवलपरासी । नवलपरासीको पीठौलीमा एउटा सुविधासम्पन्न वृद्धाश्रम निर्माण हुन लागेको समाचार प्राप्त भएको छ ।

नारायणगढदेखि २६ किलोमिटर पश्चिमस्थित राजमार्गनजिकको उक्त गाउँमा निर्माण हुन लागेको सो वृद्धाश्रममा रोटरी आमा समकुमारी प्रधान वृद्धाश्रम काठमाडौंका संस्थापक अध्यक्ष हिरालाल प्रधानले लगानी गर्नुहुने भएको छ ।

वृद्धाहरूका लागि निर्माण भइरहेको उक्त आश्रमस्थलमा अहिले एक स्वास्थ्यचौकी र हरिहर भगवानको मन्दिर तयार भइसकेको र अब आश्रमका लागि सुविधायुक्त भवन, भजनालय, बगैंचा निर्माण कार्य तथा अन्य व्यवस्था धमाधम भइरहेको सो संस्थाले जनाएको छ ।

वृद्धाश्रम परिसरभित्र संस्थापक हिरालाल प्रधानले यसअघि नै सन्तुदेवी स्वास्थ्य चौकी निर्माण गरी श्री ५ को सरकारलाई हस्तान्तरण गरिससक्नुभएको छ । यसका साथै यस आश्रमनजिकै एक प्राथमिक विद्यालय पनि भएकाले व्यवस्थापनमा संलग्न व्यक्तिहरू तथा वृद्धाहरूले समेत इच्छा गरेमा साना नानीहरूलाई पढाउन सक्ने व्यवस्था गरिएको छ ।

संस्थापक हिरालाल प्रधानले आश्रम निर्माणका लागि मन्दिर, स्वास्थ्य चौकी निर्माणका अतिरिक्त ५ लाख रुपियाँ खर्च गरिसक्नु भएको छ । ८६ वर्षअघि बागलुङमा जन्मिनुभएका समाजसेवी प्रधानले तनहुँ, बन्दीपुरलाई कर्मक्षेत्र बनाउनुभएको थियो । त्यहाँस्थित भानु हाइस्कुल स्थापना गर्न जग्गादान, भवन निर्माणका लागि चन्दादान लगायत त्यस विद्यालयको स्तरवृद्धिका लागि विविध सहयोग गर्दै आउनु भएको थियो ।

हिरालालले दोस्रो कर्मथलो नारायणगढलाई बनाउनुभयो । उहाँले त्यहाँ भन्डै ७ वटा साना-ठूला मन्दिरहरू आफ्नै खर्चमा निर्माण गर्नुभएको छ ।

हाल निर्माणाधीन रोटरी आमा समकुमारी प्रधान वृद्धाश्रमको कुल लागत ५० लाख रुपियाँ हुने अनुमान गरिएको छ । *(साभार: नेपाल समाचारपत्र)*

## बुद्धको शान्ति सन्देश विश्व भर फैलाऔं

✍ हिरण्यराज वज्राचार्य
ल.पु.भिंछे बाहाल

अघि बढौं अघि बढौं रतिभर पछि नहटी ।
बुद्धको शान्ति फैलाऔं हामी सबै मिलीजुली ॥
बुद्धको पंचरंगी शान्तिको भण्डा दुवैहातले समाई ।
बुद्धको शान्ति मूर्ति हाम्रै छातीमा ठमाई ठमाई ॥

हामी सवै अघि बढौं अघि बढौं लस्करै मिली ।
जहाँ जहाँ अशान्ति छ शान्ति सन्देश फुक्दै ॥
बुद्धको शान्ति सन्देश जीवनमा अभ्यास गर्दै
अघि बढौं अघि वढौं रति भर पछि नहटी ॥

बुद्धको जन्मभूमि लुम्बिनी उद्यानलाई ।
शान्तिको गन्तव्य प्रमुख स्थान वनाउँदै ॥
अघि बढौं अघि बढौं रतिभर पछि नहटी ।
अशान्ति रुपी सवै मूर्तहरूलाई ॥

बुद्धको शान्ति उपदेश सुनाउँदै हृदय परिवर्तन गरौं ।
आखिर हामी सवै मानव मानव न हौं ।
हामी मानव मानव बीच किन भगडा गरौं ?
हामी सवै मिली शान्ति स्थापना गरौं ॥

बुद्धको शान्ति सन्देश विश्वभर फैलाऔं ।
अघि बढौं बढौं रतिभर पछि नहटी ॥
बुद्धको शान्ति सन्देश विश्वभर फैलाऔं ।



Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरुज्झन्ति तेसं ऊपसमो सुखो



## स्व. दिलमाया मासंगल्ली

धर्मकीर्ति पत्रिकाया विशेष सदस्य व धर्मकीर्ति विहारया न्हापांगु भवनया स्वकू कोठा निर्माण यानादीम्ह दाता दिलमाया उपासिका मिति २०५९ चैत्र ११ गते दिवंगत जुयादीगुलिं वय्‌कःया छ्यँजःपिसं संसारया अनित्य स्वभावयात थ्वीकाः धैर्य धारण याय् फय्‌मा धकाः कामना यासे वय्‌कःया गुणानुस्मरण यानाच्वना ।

**धर्मकीर्ति पत्रिका**
धर्मकीर्ति विहार
श्रीघःनःघः

## धर्मकीर्ति विहारको शनिबारीय कार्यक्रम

### विनयको महत्व

२०५९ साल माघ ३ गते, शनिवार ।

श्रद्धेय भिक्षु भद्दीयले बुद्ध धर्मको मौलिक ग्रन्थहरू मध्ये विनय पिटकबारे छोटकरी परिचय दिँदै विनय तथा शील पालनको महत्वविषयमा देशना गर्नुहुँदै भन्नुभयो- "भगवान बुद्धले देशना गर्नु भएका उपदेशहरू विनय पिटक, सुत्तन्त पिटक र अभिधर्म पिटक गरी तीनवटा समुहमा संग्रहीत छन्। भगवान बुद्धले सम्बोधि लाभ गर्नु भएको बीस वर्ष पछि मात्र आवश्यकता अनुसार भिक्षुहरूलाई अनुशासीत गर्न नियमहरू बनाउनु भयो। प्रव्रजित भएका भिक्षु भिक्षुणीहरूले ती नियमहरू पालन गर्न अत्यावश्यक छ । जसरी राज्यले बनाएको ऐन कानून नागरिकले उल्लंघन गरेमा सजायँको भागीदार हुन्छन् त्यस्तै बुद्धले प्रतिपादित विनय पालन नगरेमा भिक्षु भिक्षुणीहरूले निष्काशन लगायत अन्य सजाँय भोग्नु पर्ने हुन्छ। त्यसैले विनय पिटकलाई आना देशना" बाध्यात्मक उपदेश भनिन्छ भने सुत्तन्त पिटकलाई 'वोहार देशना" परम्परागत उपदेश भनिन्छ । विनय पिटक अन्तर्गत निम्न लिखित पाँच वटा किताबहरू पर्दछन् ।

१. पराजिक पालि
२. पाचित्तिय पालि
३. महावग्ग पालि
४. चूलवग्ग पालि
५. परिवार पालि

भिक्षु होस् वा गैहृभिक्षु जस्लाई पनि सुख, शान्ति र मुक्तिको लागि विनय पालन र शील पालन मुख्य आधारशीला हुन्छन् । सदाचार र सद्व्यवहार विना समाधि प्राप्त गर्न सकिन्दैन भने प्रज्ञावान् हुनु धेरै टाढाको कुरा हो। प्राणीहरूलाई हिंसा नगर्ने, दु:ख कष्ट नदिने, चोरी नगर्ने, मिथ्या आचरण नगर्ने, व्यभिचार नगर्ने, झूठो नबोल्ने तथा लागु पदार्थ सेवन नगर्ने जस्ता मुख्य मुख्य शीलहरू बाहेक भिक्खु पातिमोक्खमा चीवर लगाउने तरिका, अरुको पात्रमा नहेरी आफ्नो पात्रमा मात्र हेरी स्वर ननिकाली खाने, हिंड्दा खेरी पनि यताउती नहेरी आफ्नो ६ फीट अगाडी मात्र हेरी शान्त पुर्वक हिंड्ने इत्यादी भिक्षुहरूले पालन गर्ने नियम भए पनि उक्त नियमहरू गृहस्थहरूलाई पनि अति उपयोगी छन्। भिक्खु पाति मोक्खमा भिक्षुहरूले पालन गर्नु पर्ने २२ नियमहरू छन् । त्यसमध्ये सेखिय भागमा उल्लेखित ७५ वटा नियमहरू गृहस्थहरूले पनि अनुशरण गर्न योग्य शील नै मानिसको शीर हो। शील पालनले नै समाज सुव्यवस्थीत हुन्छ। शान्ति र अमन चयन कायम हुन्छ। शील नै बुद्ध शासनको आयू हो। शील पालन नगरेमा सामाजिक जीवन दुष्कर हुन्छ र बुद्ध शासन चीरस्थायी हुन्दैन ।

### धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वार्षिक भेला सम्पन्न

२०५९ चैत्र ८ गते, शनिवार ।

स्थान- निर्वाण मूर्ति, किण्डोल स्वयम्भू ।

यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वार्षिक भेला सम्पन्न गरिएको छ । दुई सत्रमा विभाजित यस भेलामा पहिलो सत्रको कार्यक्रममा बुद्ध पूजा, धर्मदेशना र २०५९ साल अवधिभरको कार्यक्रमका संयोजकहरूले आ-आफ्नो अनुभवहरू व्यक्त गर्ने कार्यक्रम सम्पन्न गरियो ।

भोजन पश्चात् संचालित दोश्रो सत्रको कार्यक्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको तर्फबाट एक वर्ष अवधि भरमा सम्पन्न गरिएका कार्यक्रमहरूको प्रगति प्रतिवेदनहरू पढेर सुनाइएको थियो । यसको साथै भिक्षु अश्वघोष महास्थविर र धम्मवती गुरुमांको तर्फबाट ओवाद पनि दिनुभएको थियो । ओवाद दिने क्रममा भिक्षु अश्वघोष महास्थविरले भन्नुभयो– धर्मको कुरा सुने जस्तै यसलाई व्यवहारमा उतारी आ-आफ्नो खराब आचरणहरूलाई सुधार्न सकेमा मात्र फलदायी हुनेछ । यस्तो गर्न सकिएन भने बुद्धि विलासिता मात्र हुनेछ ।



Downloaded from http://www.dhamma.digital

यसरी नै धम्मवती गुरुमाँले भन्नुभयो– भोज खाने कार्यक्रम मात्र बनाई आफूलाई व्यस्त राख्ने बानीले गर्दा मानिसले एकदिन धोका खानेछ । त्यसैले भौतिक संसारमा मात्र भुल्ने बानीलाई त्यागी ज्ञानमार्गलाई पनि हामीले अपनाउनु परेको छ ।"

धम्मवती गुरुमाँको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा वार्षिक भेलामा सहभागी रहनु भएका सहभागीहरू बिच धर्म सम्बन्धी रोचक प्रश्नोत्तर कार्यक्रम अरुण शिद्धि तुलाधरले संचालन गर्नुभएको थियो ।

विकास रत्न तुलाधरले संचालन गर्नुभएको उक्त वार्षिक भेला कार्यक्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको पुनर्गठन पनि भएको थियो ।

वार्षिक भेलाको अन्य विवरणहरू पछिल्लो अंकमा प्रकाशित गरिनेछ ।

### अर्बुद रोग विषयमा जनचेतना

२०५९ चैत्र १८ गते ।

स्थान- धर्मकीर्ति विहार, श्रीघ: न:घल ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी र नेपाल अर्बुद रोग निवारण संस्थाको आयोजनामा अर्बुद रोग विषयमा जन चेतना फैलाउन एक Talk Programme को आयोजना गरिएको थियो ।

उक्त कार्यक्रममा नेपाल अर्बुद रोग निवारण संस्थाका संस्थापक डा. अञ्जनी कुमार शर्मा, अध्यक्ष दिवाकर राजकर्णिकार, निर्देशक डा. आरती शाह र डा. राजेन्द्र प्रसाद बरालले अर्बुद रोग के हो र यसको रोकथाम कसरी गर्न सकिनेछ भन्ने विषयमा जनचेतना जगाउने शिक्षा दिनुभएको थियो ।

कीर्ति तुलाधरको संयोजकत्वमा संचालित यस कार्यक्रम इश्वर श्रेष्ठले संचालन गर्नुभएको थियो । साथै यस कार्यक्रममा चैत्र २२ गते धर्मकीर्ति विहारमा सञ्चालन हुने "महिलाहरूको पाठेघरमा हुने क्यान्सर जस्तो खतरनाक रोग जाँच्ने" स्वास्थ्य शिविर बारे जानकारी पनि दिइएको थियो । कार्यक्रमको अन्त्यमा रोशन तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## बिश्व शाईकल यात्री "पुश्कर शाह" आफै बनेर सोच्दा

✍ चित्ररत्न शाक्य

म एउटा गरीब देशको निम्न वर्गको छोरो
बिश्व यात्रा गर्ने सामल कहाँबाट जोडौं
के कुरो बिश्वलाई साझा जँच्छ, के लाई आधार बनाउँ
बुद्धको शान्ति सन्देश, यसको लागि निर्विकल्प छ
यही सन्देश बोकेर साईकलमा यात्रा गर्छु ।

ज्ञानीमा सर्वोच्च गौतम बुद्ध, हिम शिखरमा सर्वोच्च सगरमाथा
त्यसै माथि उदाउने सूर्य र चन्द्र
अंकित झण्डा बोकेर नेपाल चिनाउँदै हिंड्छु ।
शान्ति सन्देशकै आश्रयले कुनै दिन फुटपाथमा भोकै सुत्न सक्छु
होटलमा भाँडा माझ्न सक्छु
सांघातिक आक्रमण सहन सक्छु, त्यसको सामना गर्न सक्छु,
तर जाँगर र जोश सेलाउँदैन
यो "शान्ति सन्देश" वीर्यबलको पनि अजस्र स्रोत रहेछ ।

म शान्तिको सन्देश बोकि हिंड्ने, शान्ति दूत
म सचेत रहनै पर्छ कि ममा दुनियाँले बुद्धलाई पाओस्
मेरो जिउ चाल ढालमा सबैले बुद्ध देखोस्
मेरो बोली हाव भावमा बुद्धलाई देखोस्
कसैले नियाल्दा मेरो आँखामा
बुद्धलाई पाओस्
अरु कहाँ आश्रय लिंदा बुद्ध झैं
आहुनेय्य पाहुनेय्य बन्न सकुं
बुद्धको सन्देश बोकी हिंड्ने मबाट
बुद्धको अपमान हुन नपाओस् ।

बुद्धको "शान्ति सन्देश" सुनाउँदा भन्छन्
तिम्रै देशमा किन अशान्ति छ त ?
म सहजमा भनि दिन्छु, तपाईहरूको यो सन्देश
म नेपालमा लान्छु, मेरो दाजुभाई दिदी बहिनीलाई सुनाउँछु
सबै शान्ति चाहन्छन्, शान्ति मै सबेको हित र जीत छ
त्यागौं यी हत्या र हिंसा, खोजौं समाधान शान्ति बाटै
यसरी शान्ति सन्देश आफ्नो देशको निम्ती पनि ल्याउँछु

करुणा र मैत्रीद्वारा शान्ति
घृणा र द्वेषको त्यागद्वारा शान्ति
शान्ति ! शान्ति !! शान्ति !!!

**भिक्षु कुमार काश्यप महास्थविर**
**अग्ग महासद्धम्म जोतिक धज उपाधिले बिभूषित**

अखिल नेपाल भिक्षु महासंघका निवर्तमान अध्यक्ष एवं आनन्दकुटी विहार गुठीका अध्यक्ष भिक्षु कुमार काश्यप महास्थविरलाई म्यानमार सरकार बुद्धशासन मन्त्रालयबाट **"अग्ग महा सद्धम्म जोतिक धज"** उपाधीले विभूषित गरिएको छ । रंगूनको एक अन्तर्राष्ट्रिय समारोह बिच चैत्र १ (March 15) का दिन सो उपाधिले विभूषित हुनु भएपछि भिक्षु कुमार काश्यप महास्थविर सकुशल नेपाल फर्कनु भएको छ । उहाँसंग भिक्षु उदयभद्र पनि जानु भएको थियो ।

**चारुवती भनी ब्राह्मी लिपीमा लिखित ईंटा फेला पारियो**

स्थान- चाबहिल । स्थानिय चारुमती स्तूप जीर्णोद्धार गर्ने सिलसिलामा उक्त चैत्यको गर्भबाट सम्राट अशोक कालिन शैलीका बुद्ध मूर्ति अंकित नभएका थुप्रै ससाना चैत्यहरूमात्र फेलापरेको समाचार प्राप्त भएको छ ।

यसले स्पष्ट हुन्छ, सम्राट अशोकको पालो सम्म बुद्ध मूर्ति निर्माण गर्ने चलन रहेनछ । अशोक राजा पछि राजा कनिष्कको पालामा मात्र बुद्ध मूर्ति निर्माण भएको थियो ।

चारुमती स्तूप जीर्णोद्धार गर्ने क्रममा प्राप्त भएका ती ससाना अशोककालिन चैत्यहरूको तस्बिर चाबहिल स्थित विहारमा रहनुहुने भिक्षु तपस्सि मार्फत प्राप्त भएको छ । जीर्णोद्धार गर्ने क्रममा फेला पारिएको ईंटामा चारुवती भनी ब्राह्मी लिपीमा लेखिएको भेटिएको छ । स्मरणिय छ उक्त चैत्य अशोक महाराजकी छोरी चारुवतीले बनाएकी थिइन् ।



*सम्राट अशोककालीन चैत्यहरूको साथमा भिक्षु तपस्सि*

**श्रद्धाञ्जली सभाहरू**

२०५९ फागुण १२ गते ।

(१) स्थान- बिराटनगर पिछडा बुद्ध विहार वार्ड नं. १५

दिवंगत भिक्षु अनिरुद्ध महास्थविरको पुण्य स्मृतिमा धर्मोदय सभा शाखाले श्रद्धाञ्जली सभाको आयोजना गरिएको समाचार छ ।

भिक्षु शोभनको प्रमुख आतिथ्यमा सम्पन्न भएको उक्त सभामा विभिन्न बौद्ध संस्थाहरू सहभागी भएका थिए । सो सभामा भिक्षु शोभनबाट धर्मदेशना गरिएको थियो भने प्रकाशमान शाक्य, धर्मकुमार हलुवाई, मोहन प्रसाद शाक्य, प्रेमकाजी बज्राचार्य र जीवेश्वर लाल लाखे आदि महानुभावहरूले आआफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए । उक्त सभा सत्य नारायण ताम्राकारले संचालन गर्नु भएको थियो ।

**(२) स्थान- भक्तपुर, बौद्ध समकृत विहार ।**

दिवंगत भिक्षु अनिरुद्धको पुण्य स्मृतिमा बौद्ध संघ भक्तपुरले पनि श्रद्धाञ्जली सभाको आयोजना गरिएको समाचार छ । भिक्षु ज्ञाणपूर्णिक महास्थविरको प्रमुख आतिथ्यमा र भिक्षु धम्म शोभण महास्थविरको सभापतित्वमा सम्पन्न गरिएको उक्त सभामा आ-आफ्ना मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी रहनु भएको थियो–

रत्नसुन्दर शाक्य, तीर्थराज बज्राचार्य, धर्मरत्न शाक्य, संघरत्न शाक्य र रामकृष्ण बैद्य आदि ।

त्रिरत्न शाक्यले स्वागत भाषण गर्नुभएको उक्त सभा लक्ष्मीचन्द्र बज्राचार्यले संचालन गर्नुभएको थियो ।

**पुस्तक विमोचन**

२०५९ चैत्र ५ गते । स्थान- नगदेश बुद्ध विहार ।

नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुचः नगदेशको संयुक्त आयोजनामा बुद्धले कपिलवस्तु पदार्पण



Downloaded from http://www.dhamma.digital

गर्नु भएको २५९० वर्ष पार भएको एवं नगदेश बौद्ध समूहका दिवंगत अध्यक्ष ज्ञानकुमार बाडेको प्रथम वार्षिक पुण्य तिथीको संस्मरण गरी बुद्ध पूजा एवं बौद्ध ग्रन्थ रत्न विमोचन कार्य सम्पन्न गरिएको समाचार छ ।

भिक्षु वरसम्बोधी समक्ष शील प्रार्थना पश्चात् शुरु गरिएको उक्त समारोह ज्ञानज्योती कंसारको प्रमुख आतिथ्यमा सम्पन्न गरिएको थियो । यसरी नै नगदेश बौद्ध समूहका अध्यक्ष न्हुच्छे कुमार सिंकेमनको सभापतित्त्वमा सम्पन्न उक्त समारोहमा समूहका सदस्य तुलसीमान दुवालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

समूहका सचिव कृष्णकुमार प्रजापति द्वारा रचित "गौतम बुद्धका समकालिन भिक्षुहरू भाग- १ (द्वितीयावृत्ति) ग्रन्थ ज्ञानज्योति कंसारकाले विमोचनका साथै लोकार्पण गर्नुभएको उक्त समारोहमा आआफ्ना मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी रहनुभएका थिए लोक बहादुर शाक्य, बखत बहादुर चित्रकार, विष्णु रत्न शाक्य र कृष्ण कुमार प्रजापति आदि ।

## बौद्ध प्रशिक्षण

स्थान- कीर्तिपुर । बौद्ध जागरण समिति कीर्तिपुर को आयोजनामा कीर्तिपुरमा बौद्ध प्रशिक्षण कार्यक्रम सम्पन्न भएको समाचार छ ।

बौद्ध जागरण समितिका अध्यक्ष रामशूरवीरको सभापतित्त्वमा सम्पन्न उक्त कार्यक्रममा विभिन्न प्रशिक्षकहरूले यसरी प्रशिक्षण दिनु भएका थिए–

| *प्रशिक्षक* | *प्रशिक्षण विषय* |
|---|---|
| भिक्षु कोण्डञ्ञ | जीवन र समाज |
| आनन्द राज शाक्य | विपश्यना ध्यान |
| भिक्षु सुशील | दशपारमिताको महत्त्व |
| हर्ष मुनी शाक्य | काठमाडौं उपत्यकामा बुद्ध धर्म |

स्मरणिय छ अबदेखि उक्त समितिले प्रत्येक महिनाको अन्तिम शनीवारको दिन दिनभर ध्यान शिविर र बुद्ध धर्म सम्बन्धी प्रशिक्षण दिने निर्णय गरिएको कुरा थाहा हुन आएको छ ।

## बुद्धको अस्थि चीनलाई फिर्ता

शाक्यमुनी बुद्धको दन्त धातु थाइलैण्डले चीनलाई फिर्ता दिएको समाचार छ । उक्त दन्त धातु थाई नरेश भूमिबोल अदुल्यादेजको ७५ औं जन्मोत्सव मनाउने सिलसिलामा चीनले थाइलैण्डलाई प्रदान गरिएको थियो । फलस्वरूप उक्त दन्त धातु थाइलैण्डमा ७६ दिनसम्म प्रदर्शन गरिएको थियो । चीनबाट ल्याएको उक्त बुद्ध दन्त धातुलाई प्रदर्शन अवधि भित्र करीव ४० लाख भक्तजनहरूले दर्शन गरेको कुरा बताइएको छ । थाइलैण्डमा प्रदर्शन पश्चात् थाई सँस्कृती मन्त्री उराइवानले एउटा विशेष समारोह विच थाई सैनिक बिमान स्थलमा चिनियाँ अधिकारीहरूलाई धन्यवाद सहित उक्त दन्तधातु हस्तान्तरण गरिएको थियो ।

बुलेट प्रुफ काँचको बाकस भित्र सानो सुनको पगोडामा राखिएको यस बुद्ध दन्तधातुलाई शाही थाई वायु सैनिक विमानमा राखी बेइजिङ्ग तर्फ लगिएको कुरा पनि समाचारमा बताइएको छ ।

प्राप्त समाचार अनुसार उक्त दन्त धातु प्रदर्शन स्थलमा भक्तजनहरूले १६ लाख अमेरिकी डलर दान दिइएको पनि जनाइएको छ ।

## सम्यकको उद्घोषक तालिम

धरान / सम्यक शिक्षा समूह धरान- १२ को आयोजनामा फागुन १० गते स्वयम्भू चैत्य महाविहारमा एक दिने प्रभावकारी उद्घोषण कला तालिम सम्पन्न भएको समाचार छ ।

सो तालिममा स्थानिय विद्यालय र बालसमूहबाट दुई-दुई जना र ज्ञान चक्षु विद्यालयबाट सात जना गरी जम्मा ३२ जनाले भाग लिएका थिए । सो तालिम कार्यक्रममा सम्यक शिक्षा समुहका अध्यक्ष मोहन श्रेष्ठले प्रशिक्षण दिनुभएको थियो ।

सम्यक शिक्षा समुहका अध्यक्ष मोहन श्रेष्ठको सभापतित्वमा सम्पन्न सो कार्यक्रमको प्रमुख अतिथी समुहका संस्थापक अध्यक्ष देविमाया शाक्य रहनु भएको थियो । सो कार्यक्रममा एक सहभागीलाई प्रमाण पत्र प्रदान गरिएको थियो । सो तालिमको संयोजक नवराज राई हुनुहुन्थ्यो भने कार्यक्रमको सञ्चालन समुहका सचिव केशव श्रेष्ठले गर्नुभएको थियो । सो कार्यक्रममा समुहका अतिरिक्त क्रियाकलापको संयोजक सन्दिप शाक्यको सक्रिय उपस्थित रहेको थियो ।

## बुद्ध विहार धरानको गतिविधि

बुद्ध विहार धरानले बुद्ध शिक्षा अनुसार विभिन्न कार्यक्रमहरू संचालन गरी धर्मप्रचार कार्य गरिरहेको समाचार प्राप्त भएको छ। ती कार्यक्रमहरू यसरी रहेका छन्–

१. विहारका उपासिकाहरूको ऋषिणी प्रव्रज्या
२. नियमित बुद्ध पूजा, धर्मदेशना, ध्यानभावना र परित्राण पाठ आदि।
३. सुमेधावती गुरुमाँ र मे. खड्ग बहादुर योञ्जन प्रमुखको तर्फबाट उपासकोपासिकाहरूको गृहस्थ जीवनका विभिन्न पुण्य तिथीहरूमा बौद्ध संस्कार अनुसार पुण्य कार्यहरू संचालन गराउने आदि।

## सुमंगल स्मृति अभिनन्दन पुस्कार प्रदान

२०५९ चैत्र ८ गते। काठमाडौं बुद्ध विहार भृकुटी मण्डपका संस्थापक भिक्षु समुङ्गल महास्थविरको स्मृतिमा स्थापित 'सुमङ्गल स्मृति अभिनन्दन पुस्कार-२०५९' डा. गणेशबहादुर मालीलाई भिक्षु श्रामणेर, अनगारिका, उपासकोपासिकाहरूको सहभागी रहेको एक समारोहका बीच प्रमुख अतिथि अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु बुद्धघोष महास्थविरले प्रदान गर्नुभएको समाचार छ। उक्त समारोहमा बुद्ध विहार भृकुटीमण्डपको संस्थापना दिवस एवं भिक्षु सुमङ्गल महास्थविरको चौथौं वार्षिक तिथिको स्मृतिमा बुद्ध पूजा, धर्मदेशना पुरस्कार वितरण, दान प्रदान तथा भोजन दान गरिएको थियो।

भिक्षु ज्ञानपूर्णिक महास्थविरबाट बुद्धपूजा र धर्मदेशना भएको सो समारोहमा भिक्षु बुद्धघोष महास्थविर, विहार प्रमुख भिक्षु कोण्डञ्य, सचिव भिक्षु निग्रोध, सदस्य मोतिलाल शिल्पकार, जनक नेवा: पुस्कार प्राप्त गर्ने डा. गणेश बहादुर मालीले मन्तव्य प्रकट गर्नुभयो। बुद्ध शासनिक क्षेत्रमा विविध तवरमा योगदान गर्नेहरूलाई कदरस्वरूप प्रदान गरिँदै आइरहेको सो पुस्कारको धनराशी ५,००१/– रहेको छ। डा. गणेश बहादुर माली विगत चारदशक देखि बुद्धधर्म र विज्ञान सम्बन्धी धर्मोदय, आनन्दभूमि, धर्मकीर्ति आदि प्रत्रिकाहरूमा लेख लेख्दै आएका व्यक्तित्व हुन् भने हाल उहाँले नेपाल बौद्ध परियत्ति शिक्षा तथा विश्व शान्ति बौद्ध शिक्षालयलाई बौद्धिक स्तरमा प्रणालीबद्ध तवरमा लान सहयोग गरिरहनु भएको छ।

## विद्यालयलाई नि:शुल्क जग्गा प्रदान

स्थान- सिन्धुपाल्चोक। चौतारा गाविस वडा नं. ४ निवासी श्रीमती सीतादेवी प्रधानले श्री कृष्ण रत्नगंगा उच्च मा.वि.लाई उहाँको स्वर्गीय ससुरा चैतन्यभक्त प्रधान र स्वर्गीय पति केदार प्रधानको पुण्य स्मृतिमा २ लाख ५० हजार मूल्यको १२ रोपनी जमीन नि:शुल्क प्रदान गरी पुण्य रुपी बीउ रोप्नु भएको समाचार प्राप्त भएको छ।

## दिवंगत छोराको नाममा बाल विकास केन्द्र

स्थान- धरान। धरान-१९ को इमानसिंह चोकका भगीमाया चेमजोङ र भीमबहादुर चेम्जोङले आफ्ना दिवंगत छोरा विशाल चेम्जोङको नाममा बाल विकास केन्द्र भवन निर्माण गरिदिएको समाचार छ।

प्राप्त समाचार अनुसार १ लाख ५० हजार रुपैयाको लागतमा चेम्जोङ विशाल बालविकास केन्द्रको नामाकरणै गरी नि:शुल्क भवन निर्माण गरी उहाँहरूले सामाजिक क्षेत्रमा एक उदाहरणीय काम गरेको छ।

बालबालिकाहरूको चौतर्फी विकास गर्ने उद्देश्य रहेको उक्त बाल विकास केन्द्रमा ३ वर्षको उमेर देखि ५ वर्षका बालवालिकाहरूलाई सहभागी गराईने कुरा बुझिएको छ।

## सम्यकको हाजिरी जवाफ प्रतियोगिता

धरान। सम्यक शिक्षा समूह धरान-१२ को सम्यक पूजा समितिले नियमित साप्ताहिक अतिरिक्त क्रियाकलाप अन्तर्गत फागुन १७ गते स्वयम्भू चैत्य महाविहारमा हाजिरी जवाफ प्रतियोगिताको आयोजना गर्‍यो।

समूहका सदस्य सरोज श्रेष्ठको संयोजकत्वमा सम्पन्न सो कार्यक्रमको सभापति समूहका अध्यक्ष मोहन श्रेष्ठ रहनु भएको थियो। सो प्रतियोगितामा संयोजक सरोज श्रेष्ठ प्रश्नकर्ता हुनुहुन्थ्यो। त्यसैगरी समूहका कोषाध्यक्ष अनुपमा शाक्य मूल्यांकन र समय सूचक रहनु भएको थियो।

सो प्रतियोगितामा जम्मा पाँच समूहले भाग लिएकोमा दीपा श्रेष्ठ र विश्वास श्रेष्ठको समूह विजयी भएको थियो। विजयी समूहलाई समूहका सचिव केशव श्रेष्ठ र का.का. सदस्य तेजु श्रेष्ठले पुरस्कार प्रदान गर्नु भएको थियो।



Downloaded from http://www.dhamma.digital

यसरी नै फागुन २४ गते स्वयम्भू चैत्य महाविहारमा हाजिरी जवाफ प्रतियोगिताको आयोजना गर्‍यो ।

समूहका बाल सदस्य नवदीप शाहको संयोजकत्वमा सम्पन्न सो कार्यक्रमको सभापति समूहका अध्यक्ष मोहन श्रेष्ठ रहनु भएको थियो । सो प्रतियोगितामा संयोजक नवदीप शाह प्रश्नकर्ता हुनुहुन्थ्यो । त्यसैगरी समूहका सदस्य राजमाया चाम्लिङ मूल्यांकन र बाल सदस्य एलिना शाक्य समय सूचक रहनु भएको थियो ।

सो प्रतियोगितामा जम्मा पाँच समूहले भाग लिएकोमा सरोज श्रेष्ठ र विश्वास श्रेष्ठको समूह विजयी भएको थियो । विजयी समूहलाई समूहका सचिव केशव श्रेष्ठले पुरस्कार प्रदान गर्नु भएको थियो ।

## सम्यकको मिनी लुडो प्रतियोगिता

धरान/सम्यक शिक्षा समूह धरान-१२ ले नियमित साप्ताहिक अतिरिक्त क्रियाकलाप अन्तर्गत चैत्र १ गते स्वयम्भू चैत्य महाविहारमा सम्यक मिनि लुडो प्रतियोगिता सम्पन्न गर्‍यो ।

सो प्रतियोगितामा १६ जनाले भाग लिएको थियो । सो प्रतियोगिता दुई चरणमा खेलाएको थियो । चैत्र ८ गते भएको दोस्रो चरण खेलमा सरोज श्रेष्ठ विजयी हुनुभएको थियो ।

सम्यक शिक्षा समूहका अध्यक्ष मोहन श्रेष्ठको सभापतित्वमा सम्पन्न सो प्रतियोगिताका संयोजक नियमित साप्ताहिक अतिरिक्त क्रियाकलापका संयोजक सन्दिप शाक्य रहनु भएको थियो ।

## पुस्तक विमोचन

चैत्र ११, २०५९ मंगलबार ।

बुद्धधर्म सम्बन्धी सहज र सरलरूपमा जन-साधारण मानिसहरूले पनि बुझ्न सकिने पारामा सत्यसन्देश प्रचारक प्रकाशनको १७ औं कृतिका रूपमा प्रकाशित "बुद्ध र उहाँको धर्मलाई चिनौं" पुस्तिका लेखक भिक्षु संघरक्षित, संघाराम द्वारा यहाँको लुभूस्थित चैत्य-पूजाको क्रममा विमोचन गर्नुभयो ।

शील-प्रार्थना, बुद्ध-पूजाद्वारा शुरु भएको उक्त समारोहमा सुवर्ण छत्रपुर विहार उक्त-कमिटिका संयोजक कृष्ण गोपाल श्रेष्ठद्वारा स्वागत-भाषण गरेको थियो भने विहारका सल्लाहकार श्री बाबुराम महर्जन, विहारका अध्यक्ष श्री पूर्णमान महर्जनद्वारा आ-आफ्ना मन्तव्य व्यक्त गरेको थियो ।

गाउँका धेरै श्रद्धालुजनहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा लेखक एवं प्रमुख अतिथि भिक्षु संघरक्षित, संघारामबाट पुस्तकभित्रको यथार्थ कुरा कोट्याउनु हुँदै पुस्तक प्रकाशनको प्रमुख उद्देश्य भन्नु नै सर्वसाधारण मानिसहरूलाई बुद्धधर्मको सामान्य शिक्षा दिनु हो भन्नु हुँदै सारगर्भित धर्मदेशना पनि गर्नुभयो ।

विमोचित पुस्तक उपस्थित सबैलाई वितरण गर्नुका साथै पुरै गाउँभरि उक्त पुस्तक वितरण गर्ने उद्देश्य रहेको छ । उक्त समारोह विहारका सचिव रामगोपाल सिंहद्वारा संचालन भएको थियो भने सबैलाई जलपान-भोजनको पनि व्यवस्था भयो ।

## लुम्बिनी दर्शन

ठँहिटी क्वाबहाल काठमाडौंको आयोजनामा संचालित लुम्बिनी दर्शन कार्यक्रम अनुसार सर्वप्रथम भिक्षु अश्वघोष प्रमुख ध्यानकुटी बाल आश्रमका बालिका र कर्मचारीहरू सहितको एक समूहलाई लुम्बिनी कपिलवस्तु र रामग्राम आदि तीर्थ स्थलहरूमा निशुल्क भ्रमण गराइएको छ । त्यसकारण ध्यानकुटी बाल आश्रमको तर्फबाट लुम्बिनी दर्शन आयोजक जुजुभाई शाक्य प्रति कृतज्ञता ज्ञापन गर्दछ । साथै यस लुम्बिनी दर्शन कार्यक्रम निरन्तर रुपमा चल्नेछ भन्ने कामना पनि गरिएको छ ।

खानपिन, बस्ने र यातायात सुविधा सहित जम्मा रु १५००/- खर्च तिरी तीनदिने सुविधायुक्त लुम्बिनी दर्शन गर्न चाहनु हुने इच्छुक यात्रुहरूले निम्न लिखित ठेगानामा सम्पर्क राख्न हुन सूचित गरिएको छ ।

(१) ठँहिटी क्वाबहाल
काठमाडौं, नेपाल
फोन नं. ४२५९६७१
४२५९५४२



Downloaded from http://www.dhamma.digital

## नवगठित पदाधिकारी वर्गहरू

२५४७ औं बुद्ध जयन्ती समारोह समितिका नवगठित पदाधिकारी वर्गहरू यसरी रहेको समाचार प्राप्त भएको छ।

अध्यक्ष - भिक्षु अश्वघोष महास्थविर
उपाध्यक्षहरू - भिक्षु आनन्द, बुद्धरत्न बज्राचार्य, श्यामकृष्ण मानन्धर, नानीभाई स्थापित
महासचिव - गौतम शाक्य
सचिव - रमेश मानन्धर
सहसचिव - संघरत्न शाक्य
कोषाध्यक्ष - माणिकरत्न शाक्य
सहकोषाध्यक्ष - मणिरत्न तुलाधर
सल्लाहकारहरू - भिक्षु कुमार काश्यप महास्थविर, तीर्थ नारायण मानन्धर, लोकदर्शन बज्राचार्य, प्रयागराज सिंह सुवाल, सुवर्ण शाक्य, ज्ञानज्योती कंसाकार, लक्ष्मीदास मानन्धर

*उप-समितिका संयोजकहरू :*

प्रचार प्रसार - भिक्षु कोण्डण्य
विहार श्रृंगार - भिक्षु धर्ममूर्ति
हाजिर जवाफ - प्रा. सुवर्ण शाक्य
चन्दा - नानीभाई स्थापित
खाद्य - हर्षबहादुर मानन्धर
अस्तिधातु - साहिंलामान तुलाधर
मञ्च श्रृङ्गार - दीर्घमान श्रेष्ठ
पात्रो प्रकाशन - संघरत्न शाक्य
कवि गोष्ठी - श्रीमती वेटी बज्राचार्य
रक्तदान - रामेश्वर प्रसाद श्रेष्ठ
स्मारिका प्रकाशन : अष्टमुनि गुभाजु
पुनश्च : २५४७ औ बु.ज.स. समिति
गठन मिति : २०५९ चैत्र ७ गते, शुक्रवार

## बौद्ध सभा

२०५९ चैत्र १६ गते।
स्थान- निर्वाणमूर्ति उपासिकाराम।

प्रत्येक महिनाको त्रयोदशीको दिन संचालन भइरहेको बुद्ध पूजा कार्यक्रम अनुसार यस दिन पनि पञ्चशील प्रार्थना पछि बुद्धपूजा कार्यक्रम शुरु गरिएको थियो। उक्त कार्यक्रममा बुद्ध पूजा पछि धम्मविजया गुरुमांले मरणानुस्मृती भावना विषयमा व्याख्या गर्नुहुँदै धर्मदेशना गर्नुभएको थियो।

धर्मदेशना पश्चात् डा. सानुभाई डंगोलले उपासिकाराम विहार संरक्षण तथा सुसंचालन विषयमा मन्तव्य व्यक्त गर्नुभएको थियो भने श्री नारायण गुरुङ्गले सिफल स्थित विहारमा चैत्र २८ गते १० जना व्यक्तिहरूलाई श्रामणेर बनाइने कार्यक्रम बारे जानकारी दिनुभएको थियो।

निर्वाण मूर्तिको मन्दिर अगाडि बुद्धपूजा गर्ने स्थानको अभाव महशूस गरी यस समस्या हटाउनको लागि निर्मित २६ फूट लम्बाई र १७ फूट चौडाई सहितको ट्रस रु. ५४०००/- लागतमा निर्माण भइसकेको विषयमा बखत बहादुर चित्रकारले जानकारी दिनुभएको थियो। उक्त निर्माण कार्यको लागि गुरुमांहरू लगायत थुप्रै उपासकोपासिकाहरूले पनि चन्दा प्रदान गरिएको थियो।

पूर्ण बज्राचार्यले संचालन गर्नुभएको उक्त बौद्ध सभामा मणिरत्न तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

## बौद्ध परम्परानुसार इहिपाः क्वचाल

२०५९ फागुण २६ गते।

भोजपुर तक्सार बौद्ध शाक्य समाजया दुजः श्री देवराज शाक्यया म्ह्याय् सुमनादेवी शाक्यया यल निवासी श्री लोकरत्न शाक्यया काय् भाजु श्री अनिल शाक्य नाप बौद्ध परम्परा अनुसार इहिपाः सुसम्पन्न जूगु समाचार दु।

बौद्ध शाक्य समाजया उपाध्यक्ष भीम शाक्य व पूर्व सचिव कृष्ण मान शाक्यं संचालन याःगु उगु इहिपाः ज्याझ्वले सकल शाक्य समाजया दुजः व थःथितिपिं उपस्थित जुयाः बुद्ध प्रतिमा न्ह्योने पञ्चशील प्रार्थना, बुद्ध पूजा, परित्राण पाठ यानाः कन्यादान ज्याझ्वः क्वचाय्कूगु खँ उल्लेख यानातःगु दु। अथेहे इहिपाः याःपिं निम्हतेपूयात गृहस्थ जीवने पाले याय् माःगु थथःगु कर्त्तब्य खँत ध्वाथीका बियाः थुगु भिं इहिपाःया ज्याझ्वः क्वचाय्कूगु खँ सीदु।



Downloaded from http://www.dhamma.digital

**म्ह:सीका ज्याःज्व:**

२०५९ चैत्र १४ गते (चिल्ला थ्व, एकादशी शुक्रवार) खुन्हु श्रीघ: ज्ञानमाला भजन खल: पाखें नेपाल राष्ट्रिय ज्ञानमाला समिति या न्हूँपिं दुज पिन्त बधाई व म्हसिके ज्याःज्व सम्पन्न जुगु समाचार दु । खल:या छयान्ज्य अमीरमान शाक्यं न्ह्याका दिगु थुगु ज्याःज्व:ले न्हूँपिं दुज पिन्त खल: पाखें खातागा क्वखायका, थ्व खल:या स्मारिका व क्यालेन्दर छगु छगु नं ब्यूगु दु । खल:या नायो: रामरत्न तुलाधर पाखें लसुकुसु न्वचु बिया शुरु जूगु थुगु ज्याःज्वले राष्ट्रिय ज्ञानमाला समितिया नायो शान्तरत्न शाक्य व वरिष्ठ उपाध्यक्ष सुवर्ण शाक्यं राष्ट्रिय ज्ञानमालाया भावि कार्यक्रमया विषयले न्ववाना दिल थुगु ज्याःज्व:ले अनिल तुलाधरं तगु न्हुगु लसे ल्यायम्ह पूचलं निपु न्हुगु ज्ञानमाला भजन नं प्रस्तुत यागु दु । ज्याःज्व अतिहे सौंदर्य पूर्वक सम्पन्न जुल"

- ❋ नगर्नु पर्ने कर्तव्य छोडेर गर्नु पर्ने काम गरिनेछ, अभिमानी तथा प्रमादीहरूको (चित्तमल) आस्रव बढ्दछ ।
- ❋ आफूले गरेको पापले आफैलाई अपवित्र पार्दछ, आफूले गरेको पुण्यले आफैलाई शुद्ध पार्दछ, शुद्धि हुने र अशुद्धि हुने आफ्नै द्वारबाट हो, कसैले अरू कसैलाई शुद्ध पार्न सक्दैन । – धम्मपद

# पुण्यकर्म गरौं झट्टै

*– भिक्षु संघरक्षित, संघाराम*

पुण्यकर्म गरौं झट्टै नचिताऔं पाप चेतना पटक्कै
पुण्य गर्न बेर लाग्दा रम्नसक्छ पापमा चित्तै ॥

पापकर्म भरसक नगरौं गरिहाले पनि नदोहोराऔं
पाप दु:खको कारण जानौं पाप-इच्छा मनमा नराखौं ।
पापीले पाप गर्न बेस सम्झन्छ पापको फल नपाएसम्म
पश्चात्तापले बेसरी छट्पटिन्छ जब हुन्छ विपाक टम्म ॥

थोरै पापले के होला र भनी पापकर्म नगरौं
एक एक थोपा पानीले पनि गाग्री भरिन्छ सम्झौं ॥

पुण्यकर्ममा उत्साह गरौं थोरै पुण्यले के होला नभनौं
पुण्यकर्म सम्पन्न पश्चात् पनि फेरि फेरि दोहोराएर गरौं ।
पुण्यनै सुखको मूल कारण स्वर्ग मोक्षको खुड्किला यही
पुण्यात्मा गद्गद् हुन्छ पुण्यको फल पाएपछि यहीं ॥

विष लाग्दैन विष छोए पनि हातमा यदि घाऊ छैन भने
पाप लाग्दैन दु:ख भए पनि पाप यदि गरे छैन भने ॥

भययुक्त बाटो छोड्नुपर्छ हथियार नहुने धनी व्यापारीले
विषपानलाई त्यागनुपर्छ जिउने इच्छा राख्ने पुरुषले ।
आकाश समुद्र पर्वत गुफा जुनै ठाउँमा गइबसे पनि
आफ्नो कर्मको फलबाट बच्न सकिन्न कोही पनि ॥

*स्रोत: 'पापवग्गो'; धम्मपद*

## यो पनि जानी राखे राम्रो ... ....

# दानबहादुरका लागि दानी निस्किए

काठमाडौं । वीर अस्पतालमा भर्ना भएर पनि उपचार खर्चको अभावमा जीवन-मरणको दोसाँधमा परेका दानबहादुर विष्टलाई समाजसेवी टोपबहादुर थापामगरले बिहीबार १० हजार रुपियाँ सहयोग उपलब्ध गराउनुभएको छ । सो रकम बिहीबार नै पीडितका वृद्ध बाबु हर्कबहादुरलाई नेपाल समाचार पत्रको कार्यालय भीमसेनस्थानमा हस्तान्तरण गरियो ।

दायाँ मृगौला बिग्रिएर पीडित बनेका विष्टको अवस्थाबारे नेपाल समाचारपत्रमा बिहीबार समाचार प्रकाशित भएपछि पोखरा उपमहानगरपालिका-१५ माछापुछ्रे टोल घर भई हाल काठमाडौंको नयाँ सडक बस्ने समाजसेवी मगरले तत्काल कार्यालयमै आई उक्त रकम उपलब्ध गराउनुभएको थियो ।

उक्त रकम पाएपछि हर्कबहादुरले हर्षाश्रु बगाउँदै भने- 'बल्ल मेरो छोरो बाँच्ने भयो, उसका लालाबाला र श्रीमतीको पनि भलो हुने भो ।'

बिरामीका बाबु विष्टका अनुसार, वीर अस्पतालका चिकित्सकहरूले ४०/५० हजारसम्मको नि:शुल्क उपचार गराइदिने भएका छन् । बिहीबार नै गरिएको एक्स-रे अनुसार पीडितको मृगौला खराब भएकोले करिब ६० हजारजति उपचार खर्च लागेछ । पीडित पक्षले करिब १६ हजारसम्म खर्च जुटाए अरु त्यहाँका चिकित्सकहरूले पूरै सहयोग गर्ने बचन दिएका छन् । *(साभार: नेपाल समाचारपत्र)*

बा.अ.का.द.नं. - ७०/०४०/४१

# अनिच्चावत संखारा

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरुज्झन्ति तेसं ऊपसमोसुखो**



*बुदिं :*
बि.सं. १९८०
माघ पूर्णिमा सोमवार

*मदुगु दिं :*
वि.सं. २०५९ माघ २६ गते
अष्टमी आइतवार

## *दिवंगत श्रीमती सुमना देवी शाक्य*

तानसेन बुटवल

**जिमी पुजायाय् बहम्ह माँ सुमना देवी शाक्य आकाझाकां मदुगुलिं वसपोलया निर्वाण कामना यासें विचाः हायेका बिज्यापिं/दिपिं सकल थ-थिती सुभेच्छुक व संघ-संस्था पिंत जिमिसं साधुवाद देछाया च्वना ।**

**लत्या / ४५ दिनसं माँया गुण लुमंका पिं-**

*म्ह्याय्:*
**विद्या देवी शाक्य**
**विना देवी शाक्य**
**माया देवी शाक्य**

*काय्/भौपिं:*
**रत्न काजी शाक्य / हिरा देवी**
**महेन्द्र काजी शाक्य / सुवर्ण**
**/सुशीला देवी शाक्य**

*म्ह्यांय् जिलाजं:*
**सुरेश रत्न बज्राचार्य**
**शारदा देवी बज्राचार्य**

छय्पिं:
रचना, अरुण, युमी, मुना, राहुल (सुगत)
स्वस्ती, श्रद्धा शाक्य, अमित, समित, मायुमी वज्राचार्य

मुद्रक : **न्यू नेपाल प्रेस** *प्रधान कार्यालय :* नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं। फोन : ४४३४८५०, ४४३४७५३, फ्याक्स : ४४३३९२९
*व्यापारिक कार्यालय :* शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : ४२५९०३२, ४२५९४५०, फ्याक्स : (९७७-१) ४२५८६७८

Downloaded from http://www.dhamma.digital